"सहकारीमा दिगोपन: स्वनियमन र सुशासन"

# ललितपुर जिल्ला
# बचत तथा ऋण सहकारी संघ लिमिटेड



आवद्धता

## २९औं
## वार्षिक प्रतिवेदन

# २९औं वार्षिक साधारण सभा

## २०८० कार्तिक २४ गते, शुक्रबार


प्रधान कार्यालय: ललितपुर महानगरपालिका-५, लगनखेल, ललितपुर, फोन नं.: ०१-५५५३००१, ५५५३००७

सेवा केन्द्र: गोदावरी नगरपालिका-३, टौखेल, ललितपुर, फोन नं.: ०१-५५६०३२२

federation.lalitpur@gmail.com  www.facebook.com/BachatSangh  www.lalitpurbachatsangh.org.np

# सञ्चालक समिति



अध्यक्ष
रामहरि बजगाई



वरिष्ठ उपाध्यक्ष
करुणारत्न बज्राचार्य



उपाध्यक्ष
लक्ष्मी शाक्य



सचिव
श्यामकृष्ण महर्जन



कोषाध्यक्ष
बसन्त माली



सदस्य
सानुकाजी महर्जन



सदस्य
रमिला महर्जन



सदस्य
सरिता महर्जन अवाले



सदस्य
नवराज सिवाकोटी



सदस्य
उर्मिला सापकोटा शाक्य



सदस्य
कृष्ण श्रेष्ठ



सदस्य
विनोद महर्जन



सदस्य
राजेन्द्र घिमिरे



सदस्य
देवेन्द्र श्रेष्ठ



सदस्य
राजकृष्ण महर्जन

# लेखा सुपरिवेक्षण समिति



सदस्य
कान्छा बज्राचार्य



संयोजक
सानुकाजी महर्जन



सदस्य
लक्ष्मी श्रेष्ठ

दर्ता नं. ३३५/०५०/५१ ऐक्यवद्धता लोगो

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

LALITPUR DISTRICT FEDERATION OF SAVING & CREDIT CO-OPERATIVE LIMITED

नेपाल

च.नं. ३६/२०८०/०८१ मितिः २०८०/०६/१५

श्री अध्यक्षज्यू,
संघमा आवद्ध सम्पूर्ण सदस्य सहकारी संस्थाहरु

## विषय : २९औं वार्षिक साधारण सभामा सहभागी हुने बारे ।

यस संघको मिति २०८० असोज ३ गते बसेको १५८औं सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको संयुक्त बैठकको निर्णयानुसार तपशीलको मिति, स्थान र समयमा निम्न प्रस्तावहरू माथि छलफल एवं निर्णय गर्नका लागि संघको २९औं वार्षिक साधारण सभाको आयोजना हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**तपशील**

मिति : २०८० कार्तिक २४ गते शुक्रवार
स्थान : डलाईट पार्टी भेन्यू, महालक्ष्मीस्थान (महालक्ष्मी मन्दिरसँगै)
समय : दिउँसो ठीक १:०० बजे

**छलफलका प्रस्तावित विषयहरू**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७९/०८० को प्रगति प्रतिवेदन तथा आ.व. २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रमहरु पारित गर्ने सम्बन्धमा,
(२) लेखा सुपरीवेक्षण समितिद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
(३) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०७९/०८० को आर्थिक प्रतिवेदन तथा आ.व. २०८०/०८१ को प्रस्तावित बजेट पारित गर्ने सम्बन्धमा,
(४) आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा,
(५) आ.व. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
(६) आ.व. २०७९/०८० को लेखापरीक्षण बमोजिम लाभांश र संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा,
(७) संघको आन्तरिक नीति/कार्यविधि निर्माण एवं संशोधन सम्बन्धमा,
(८) सचालक समिति, लेखा सुपरीवेक्षण समिति एवं उपसमितिहरूको भत्ता सम्बन्धमा,
(९) भाखा नाघेको ऋणी संस्थाको संघको कर्जा लगानी तथा असूली नीति-२०७६ अनुसार धितो लिलाम गरी असूल गर्ने तथा अन्य कानुनी प्रक्रिया सम्बन्धमा,
(१०) संघको पञ्च वर्षीय रणनीतिक व्यवसायिक योजना अनुमोदन सम्बन्धमा,
(११) सञ्चालक समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा,
(१२) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने उपस्थित संस्थाका प्रतिनिधिहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बन्धमा,
(१३) विविध

.............................
**श्यामकृष्ण महर्जन**
सचिव

**पुनश्चः**

- २०८० अषाढ मसान्त सम्मको नियमित बचत २०८० कार्तिक २० भित्र संघमा अनिवार्य बुझाइसक्नुपर्नेछ ।
- संघमा आवद्ध उत्कृष्ट सहकारी संस्थाहरुलाई सम्मान गरिने हुँदा पत्र सँग संलग्न भएको फारम मिति २०८० कार्तिक २० गते भित्र संघको कार्यालयमा बुझाइसक्नुपर्नेछ । सम्मान फारम संघको website www.lalitpurbachatsangh.org.np बाट डाउनलोन गर्न सकिनेछ ।
- कार्यक्रममा प्रतिनिधिहरुको लागि खानाको व्यवस्था गरिएको छ ।

Head Office: Lalitpur Metropolitian City, Lagankhel-5, Ph: +977-1-5553001, 01-5553007
Service Counter: Godawari Sub Metropolitan City, Taukhel-3, Ph: +977-1-5560322
Email: federation.lalitpur@gmail.com, Web: www.lalitpurbachatsangh.org.np

# विषय सूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युद्वारा प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन | ३ |
| २ | लेखा सुपरीवेक्षण समितिद्वारा प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन | ११ |
| ३ | कोषाध्यक्षज्यूको प्रस्तुत आ.व. २०७९/०८० को आर्थिक प्रतिवदेन | १५ |
| ४ | लेखापरीक्षकको प्रतिवेदन | २१ |
| ५ | उप-समितिहरुको नामावली | ७८ |
| ६ | नोट तथा टिप्पणी | ७९ |
| ७ | तस्बिरमा बचत संघ | ८१ |

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २९ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन



ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको २९औं वार्षिक साधारण सभाको अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, सदस्य संस्थाका अध्यक्षज्यू एवं प्रतिनिधिज्यूहरू, पत्रकार मित्रहरू, कर्मचारी वर्ग एवम् यस सभामा उपस्थित भई सभाको शोभा बढाइदिनुहुने सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा संघको सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुतको लागि अनुमति चाहन्छु ।

**आदरणीय प्रतिनिधिज्यूहरु**

ललितपुर जिल्लाभित्रका बचत तथा ऋण सहकारी संस्थाहरूको छाता सङ्गठनको रूपमा रहको जिल्ला बचत तथा ऋण सहकारी संघ लि.ले आफ्नो स्थापनाकालदेखि नै संघमा आवद्ध सहकारी संस्थाहरूको विकास, प्रवर्द्धन र सम्वर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आफ्नो परिभाषित कार्यमा क्रियाशिल रही आएको छ । संस्थाहरूको प्रवर्द्धन तथा सहकारीमैत्री नीति निर्माणका सवालमा पैरवी र पहलकदमी गर्दै सहकारी अभियानमा एउटा अब्बल संघ रहेको व्यहोरा यहाँहरूमाझ सर्वविधितै छ । जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरूको प्रवर्द्धन तथा सम्वर्द्धनका लागि संस्थाहरूका बीच सहकार्य र समन्वय गर्दै उल्लेखनीय भूमिका निर्वाह गरेवापत उत्कृष्ट संघको रूपमा माथिल्लो निकायहरूबाट उत्कृष्ट सहकारी पुरस्कार प्राप्त गर्न सफल भएको छ । संघले गर्ने हरेक कार्यक्रम तथा गतिविधिहरूमा सकारात्मक सहयोगको अपेक्षा सदस्य संस्था लगायत विभिन्न सरोकारवालाहरूसँग समेत गरिएको छ ।

स्थानीयस्तरमा छरिएर रहेको श्रम, पूँजी, श्रोत र साधनको प्रभावकारी परिचालनमार्फत सदस्यहरूको आवश्यकता परिपूर्तिका लागि सञ्चालन हुने सहकारी व्यवसाय आर्थिक विकासको महत्वपूर्ण संवाहक हो । दुरदराजमा वित्तीय पहुँच अभिवृद्धि, सामाजिक पूँजी निर्माण, क्षमता अभिबृद्धि, द्वन्द तथा प्राकृतिक विपत्तिका कठिन समयमा समेत नियमित सेवा प्रवाह, महिला सशक्तिकरण, उद्यमशील विकास, कृषि उपजहरूको निर्यात लगायतका क्षेत्रमा यस क्षेत्रको भूमिका उल्लेखनीय छ । नेपालको संविधानले समेत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलव्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हाँसिल गर्दै समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको निर्माण गर्ने उद्देश्य लिएको छ। बचत तथा ऋण सहकारी अभियानलाई अझ व्यवस्थित एवं समय सापेक्ष बनाउनका लागि अनुकुल नीतिगत व्यवस्थाका लागि राज्यसँग पहल कदमी र पैरवी गर्ने देखि लिएर यस अभियानलाई अझ व्यवस्थित एवं सशक्त र एकताबद्ध बनाउनका लागि सम्पूर्ण सहकारीकर्मीहरूमा हार्दिक आव्हान गर्न चाहन्छु ।

ललितपुरमा हाल १२०० हाराहारी प्रारम्भिक सहकारी संस्थाहरू सञ्चालनमा भएता पनि सम्बन्धीत निकायहरूको प्रभावकारी अनुगमन नभएकोले कसले के कस्ता कार्यहरू गर्दै आएका छन् त्यसको लेखाजोखा कही कतैबाट भएको छैन । यसो हुनुमा स्थानीय निकायहरूविच समन्वय र रणनीतिक सम्बन्धको अभाव रहेको देखिन्छ । ललितपुर सहकारीको उर्वर जिल्लाको रूपमा लिएता पनि केही सहकारी संस्थाको गलत क्रियाकलापको कारणले कार्यक्षेत्र बाहिरका सञ्चालकहरूबाट संस्था सञ्चालन भएको, कार्यक्षेत्र बाहिरका सदस्यहरूसँग कारोबार गरेको र सेवा केन्द्र सञ्चालनमा अस्वस्थ प्रतिस्पर्धा भएको कारण संस्थाको आन्तरिक सुशासन कायम नभएको हुँदा संस्थामा समस्या देखिएको छ । संघले आगामी दिनमा संस्थाको आन्तरिक सुशासन कायम राख्नको लागि प्रभावकारी अनुगमन आजको आवश्यकता भएको हुँदा सम्बन्धीत निकायसँग समन्वय गर्दै र संघ आफैले पनि प्रभावकारी अनुगमनको कार्यलाई विशेष जोड दिइने छ । संस्था सुशासनको लागि प्रभावकारी अनुगमनका साथ सहकारी शिक्षा, तालिम, गोष्ठी, अन्तरक्रिया र वहस पैरवी कार्यक्रमहरू निरन्तर आयोजना गर्दै जाने यहाँहरूमाझ जानकारी गराउँदछु ।

मुलुकको अर्थतन्त्रमा पारेको प्रभावका कारण बैंक/वित्तीय संस्थामा परेको असरले सहकारी क्षेत्रसमेत प्रभावित भएको कुरा विदित्तै छ । केही सहकारी क्षेत्रमा एकै पटक सदस्यहरूले बचत फिर्ता माग्दा संस्थामा तरलताको अभाव देखिएको भएपनि संस्थाले आफ्ना सदस्यहरूलाई लगानी गरेको कर्जा किस्तामा प्राप्त हुने हुँदा तरलता समस्या लामो समय सम्म नहुने

हुँदा सदस्य शिक्षा कार्यक्रम मार्फत सदस्यहरूलाई गलत हल्लाको पछाडि नलागी संस्थासँग निरन्तर जोडिरहने बातावरण बनाउनुहुन सम्पूर्ण सहकारी संस्था र सहकारीकर्मीहरूमा अनुरोध गर्दछु । सहकारी संस्थाहरू सदस्यद्वारा सञ्चालित तथा नियन्त्रित भई प्रजातान्त्रिक पद्दतीमा सञ्चालन हुने भएता पनि कतिपय सहकारी संस्थाहरू सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन भएका देखिँदैनन् । आन्तरिक नियन्त्रण प्रणालीका अभिन्न अङ्गहरू साधारण सभा, सञ्चालक तथा लेखा सुपरीवेक्षण समिति र व्यवस्थापनले आ–आफ्नो भूमिका निर्वाह नगर्दा सहकारीमा स्वनियमन र सुशासन कमजोर भएको छ । नीति, विधि र सदस्यकेन्द्रित सेवा प्रवाह गर्नुपर्नेमा केही सीमित व्यक्तिहरूको नियन्त्रणमा रहनुले केही संस्थाहरू समस्याग्रस्त हुँदै आएका छन् । संस्थामा सामूहिक उत्तरदायित्वको विकास नभई एक जनालाई दोष देखाई अन्य संञ्चालक समस्याबाट टाढा रहने प्रवृत्तिले संस्थामा झन् समस्या वृद्धि हुने हुँदा सम्पूर्ण सञ्चालक समिति एकतावद्ध भएर सदस्यहरू मार्फत संस्थामा आएको समस्या समाधान गर्न आग्रह गर्दछु ।

सहकारी ऐन २०७४ मा भएको प्रवर्द्धनात्मक व्यवस्थाहरू सहकारी प्रवर्द्धन कोष, कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असूली न्यायधिकरण लगायतका प्रावधानहरू ऐन आएको ६ वर्ष पुग्दा समेत कार्यन्वयन नभएकै कारण अर्थतन्त्रमा परेको असरबाट सहकारी क्षेत्र झन् प्रभावित हुन पुगेको छ । सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ मा व्यवस्था भएको सहकारी संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाह सम्बन्धी सूचना प्राप्त गर्ने समेतको कार्य गर्न सरोकारवालाको सहभागितामा बन्ने कर्जा सूचना केन्द्र, कर्जा असूली न्यायधिकरणको गठन र बचत तथा कर्जा सुरक्षण कोष स्थापना तत्काल गर्नको लागि सरकारसँग जोडदार माग गर्दछौं ।

संघले आफ्ना सदस्य संस्थाहरूको सवलीकरण र व्यवसायिकताका लागि खेलेको भूमिका, संघले आयोजना गरेको विभिन्न गतिविधि तथा कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउनु हुने सम्पूर्ण सहकारी संस्थाका प्रतिनिधिहरू, सहकारीकर्मीहरू, सम्पूर्ण कर्मचारी वर्गहरू, शुभेच्छुक सबैमा हार्दिक आभार र सम्मान प्रकट गर्न चाहन्छु । **"समृद्ध साकोस दीगो संघ"** परिकल्पना लिई सदस्य संस्थाहरूको विकास र प्रवर्द्धन गर्ने संघको मुख्य उद्देश्य रहेको यहाँहरूमा जानकारी गराउन चाहन्छु ।

आदरणीय उपस्थित प्रतिनिधिज्यूहरू, अब म यस संघले आ.व.२०७९/०८० मा सम्पन्न गरेका विभिन्न गतिविधिहरू यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**संघको संक्षिप्त आर्थिक विवरण**




**(क) संस्था विकासका कार्यहरू**

**१. सदस्यता**

संघमा आ.व. २०७९/०८० को अषाढ मसान्तसम्म आइपुग्दा ४८१ संस्थाहरूहरू आवद्ध रहेका छन् । जिल्लामा क्रियाशिल बचत तथा ऋण सहकारी संस्थाहरू प्राय संघमा आवद्ध भइसकेको जानकारी गराउन चाहन्छु र बाँकी रहेका संस्थाहरूलाई क्रमशः सदस्य बनाइने छ । संघमा सदस्यता तपशिल बमोजिम भएको छ :

| आ.ब. २०७२/०७३ | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ | आ.ब. २०७८/०७९ | आ.ब. २०७९/०८० |
|---|---|---|---|---|---|---|---|
| ४८७ वटा | ४९३ वटा | ४९५ वटा | ५११ वटा | ५२१ वटा | ५२६ वटा | ४८१ वटा | ४८१ वटा |

**२. आबद्धता**

संघले निरन्तर रूपमा सहकारीका विभिन्न निकायहरूसँगको समन्वयमा जोड दिंदै आएको छ। त्यसै अनुरूप संघले निम्न उल्लेखित निकायहरूसँग सदस्यता प्राप्त गरेको छ :

अ) राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

आ) राष्ट्रिय सहकारी बैंक लिमिटेड

इ) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

ई) बाग्मती प्रदेश सहकारी संघ लिमिटेड

उ) बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड (प्रोस्कून)

ऊ) जिल्ला सहकारी संघ लिमिटेड ललितपुर

उपरोक्त संघ र बैङ्कसँगको सम्बन्ध आगामी दिनहरूमा अझ प्रगाढ बनाउँदै लैजाने र विभिन्न अवसरहरूमा गरिने कार्यक्रमहरूमा सक्रिय सहभागीता जनाइने छ।

**(ख) तालिम/गोष्ठी तथा अन्तरक्रिया**

**३. तालिम**

संघले आफ्ना सदस्य संस्थाहरूलाई सबल र सक्षम बनाउनका लागि विभिन्न समयमा विभिन्न खाले नि:शुल्क र सशुल्क तालिमहरू प्रदान गर्दै आइरहेको छ। संघले गत वर्ष विभिन्न तालिम तथा गोष्ठीहरूबाट ६ सय भन्दा बढी सहकारीका कर्मचारी तथा नेतृत्वलाई तालिम प्रदान गरेको छ। संघले आफ्ना सदस्यहरूको क्षमता अभिवृद्धि गरी सक्षम बनाउने उद्देश्यका साथ हालसम्म निम्नानुसारका तालिमहरू सञ्चालन गरिसकेको छ :

**नि:शुल्क तालिम**

| क्र.सं. | तालिम विवरण | सञ्चालन मिति |
|---|---|---|
| क) | पर्ल्स अनुगमन प्रणाली सम्बन्धी तालिम | २०७९ असोज ४ देखि ५ सम्म |
| ख) | व्यवस्थापक क्षमता अभिवृद्धि तालिम | २०७९ फागुन २५ र २६ |
| ग) | सहकारीमा कर्जा सम्बन्धी कानुनी समस्या तालिम | २०७९ फागुन ४ र ५ |
| घ) | सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम | २०७९ चैत्र ८ देखि १० सम्म |
| ङ) | लेखा सुपरीवेक्षण समिति क्षमता अभिवृद्धि तालिम | २०८० वैशाख २६ र २७ |
| च) | आधारभुत सहकारी लेखापाल तालिम | २०८० वैशाख १० देखि १५ |
| छ) | सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम | २०८० जेष्ठ २ देखि ४ |
| ज) | सहकारीमा बजेटिङ्ग तालिम | २०८० जेष्ठ १८ र १९ |

**नि:शुल्क प्रशिक्षक**

| क्र.सं. | तालिम विवरण | सञ्चालन मिति |
|---|---|---|
| क) | नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. | २०७९ चैत्र २५ गते |
| ख) | अनमोल बचत तथा ऋण सहकारी संस्था लि. | २०७९ फागुन १ र २ गते |
| ग) | श्री कृष्ण महिला जागृती बचत तथा ऋण सहकारी संस्था लि. | २०८० वैशाख १८ गते |

**४. संघको स्थापना दिवसको अवसरमा वार्षिक समिक्षा कार्यक्रम सम्पन्न :**

संघको २९ औं स्थापना दिवसको अवसरमा २०७९ असोज ३ गते सुझाव संकलन, धन्यवाद ज्ञापन, तरलता व्यवस्थापन सम्बन्धी अन्तरक्रिया साथै विजया दशमी २०७९ को शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा

पूर्व अध्यक्ष एवं सञ्चालकज्यूरू, पूर्व सल्लाहकारज्यूहरू र उप-समिति सदस्यहरूको उपस्थितिमा संघले तयार गरेको सुझाव सङ्कलन फारम मार्फत सहभागीहरूबाट सुझाव सङ्कलन गरेको थियो । तरलता सम्बन्धी समस्याको समाधानको लागि संघका पूर्व सल्लाहकार तथा सहजकर्ता कुमार खत्रीबाट तरलता व्यवस्थापनमा संस्थाले निर्वाह गर्नुपर्ने विभिन्न भूमिकाहरूको बारेमा प्रस्तुतीकरण गरिएको थियो ।

**५. संघ, संस्था र सदस्य बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न**

संघको आयोजनामा २०७९ पौष २५ गते 'संघ, संस्था र सदस्य बीच' अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सहकारीमा तरलता सङ्कट गहिरिन नदिन अभियानबीच सहकार्य र एकता तथा नियामक निकायको सहयोगी भूमिका रहोस् भन्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो ।

**६. सेवा केन्द्र सञ्चालन**

संघले आफ्ना सदस्य संस्थाहरूलाई सहज र सरल रूपमा सेवा प्रदान गर्नको लागि पहिलो सेवा केन्द्रको रूपमा गोदावरी नगरपालिका-३, टौखेलमा गोदावरी, किटिनी, टौखेल र चापागाउँमा सञ्चालित संस्थाहरूलाई सहज हुने उद्देश्य अनुरूप २०७९ असार १० गते पहिलो सेवा केन्द्र खोली कारोबार गरिरहेको जानकारी यहाँहरूमा गराउन चाहन्छु ।

**७. ६६ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा र्‍याली कार्यक्रम सम्पन्न**

ललितपुर महानगरपालिकाको आयोजना तथा ललितपुर जिल्ला मूल समारोह समितिको संयोजनामा ६६ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा र्‍याली कार्यक्रम सम्पन्न भएको छ । कोपुण्डोलबाट सुरू भएको सहकारी र्‍याली थापाथली हुँदै माइतीघरमा पुगेर समापन गरिएको थियो । ललितपुर जिल्ला बचत संघले संघमा आवद्ध संस्थाहरूलाई सक्रिय सहभागिता गराई र्‍याली सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेलेको जानकारी गराउन चाहन्छु ।

**८. रणनीतिक योजना तर्जुमा गोष्ठी कार्यक्रम सम्पन्न**

संघको आयोजनामा २०८० अषाढ ७, ८ र ९ गते तीन दिनसम्म सञ्चालन भएको पञ्च वर्षीय रणनीतिक व्यवसायिक योजना गोष्ठीले संघको ५ वर्ष भित्र गरिने क्रियाकलापहरू तथा ५ वर्षमा संघलाई कुन विन्दुमा पुर्‍याउने भनी पञ्च वर्षीय व्यवसायिक योजना निर्माण गरिएको छ र संघको क्रियाकलापहरूलाई सोही अनुरूप अगाडि बढाइएको जानकारी गराउन चाहन्छु ।

**९. पैरवी तथा पहलकदमी**

संघको तर्फबाट संघमा आवद्ध संस्थाहरूको प्रतिनिधिमुलक सहभागिता मार्फत सहकारी ऐन २०७४ मा संशोधन गर्नुपर्ने बुँदाहरूलाई समेटेर संशोधनको लागि राय सुझाव राष्ट्रिय सहकारी महासंघमा बुझाइएको थियो । सहकारी ऐन २०७४ मा रहेको केही दफाहरूले सहकारी संस्था सञ्चालनमा समस्या उत्पन्न गरेको हुँदा संशोधन गनुपर्ने बुँदाहरूको तीन महले विवरण तयार पारी महासंघका आदरणीय अध्यक्षलाई राय सुझाव पेश गरिएको जानकारी गराउँदछु साथै सहकारीको वित्तीय जोखिम न्यूनिकरण र सदस्यहरूको बचत सरक्षाको सुनिश्चितता गर्दै सहकारी ऐन २०७४ र नियमावली २०७५ मा व्यवस्था भएको कर्जा सूचना केन्द्र, कर्जा असूली न्यायिधिकरण, बचत तथा कर्जा सुरक्षण कोष तत्काल स्थापना गर्न र सहकारी ऐन २०७४ र नियमावली २०७५ मा भएको सन्दर्भ व्याजदर सम्बन्धी प्रावधान अव्यवहारिक भएकोले नियमावली तत्काल संशोधन गरी बजार अनुसार व्याजदर निर्धारण हुने स्वचालित प्रणालीको विकास गर्न सम्बन्धीत निकायमा विशेष पहल गरिएको जानकारी गराउन चाहन्छु । साथै संघको तर्फबाट नेपाल सरकारले गठन गरेको सहकारी सुधार सुझाब कार्यदललाई सुझाव, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. र बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को पहलमा माग भए बमोजिम संघबाट आवश्यक सुझाव पेश गरिएको जानकारी गराउँदछु ।

**१०. अन्तरलगानी व्यवसाय विस्तार**

संघले अपेक्षा गरे अनुसार आ.व. २०७९/०८० मा २ अर्ब ५ करोड को वासलातको योजना बनाइए तापनि यस वर्ष विद्यमान अर्थतन्त्रमा नै समग्र प्रभाव परेको हुनाले उक्त प्रभावबाट यस संघ पनि अछुतो रहन नसकेको हुँदा १ अर्ब ३३ करोडको वासलात बन्न सफल भएको छ । कुल वासलात घटेता पनि समग्र आर्थिक सूचाङ्क सकारात्मक रहेको यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

**११. संघको भवन निर्माण कार्यको सुरुवात**

संघले २७ औं वार्षिक साधारण सभाको निर्णयानुसार सदस्य संस्थाहरूलाई अझ प्रभावकारी रूपमा सेवा प्रदान गर्ने उद्देश्य अनुरूप आफ्नै भवन निर्माणको लागि २०७९ वैशाख ८ गते ललितपुर महानगरपालिका ५ मा ०-८-०-० क्षेत्रफलको जग्गा रू.६,६२,२५,०००/-(अक्षरूपी छ करोड बैसट्ठी लाख पच्चीस हजार) मा खरिद गरिसकेको छ। उक्त जग्गा खरिद गर्दा लाग्ने सम्पूर्ण रजिष्ट्रेशन शुल्क रू. ३७,४०,०००।- (अक्षरूपी सैत्तीस लाख चालीस हजार रूपैया मात्र) बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत छुट प्राप्त गरेको समेत जानकारी गराउन चाहन्छु। संघले जग्गा खरिद कार्य पश्चात् भवन निर्माणको आवश्यक तयारीको लागि उपसमिति गठन गरी कार्य सुरू गरिसकेको समेत जानकारी गराउन चाहन्छु।

**१२. स्थानीय तहसँग सहकार्य**

संघले ललितपुर जिल्लाका ६ वटै स्थानीय तहहरूसँग सहकार्य र समन्वय गरी विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै आइरहेको छ। संघले विशेषत ललितपुर महानगरपालिकासँगको सहकार्यमा विभिन्न विषयहरूमा ४ वटा तालिमहरूको आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिसकेको जानकारी गराउँदछु।

**१३. समस्या समाधान**

सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्या, तरलता व्यवस्थापन तथा अन्य व्यवस्थापन एवं संस्थागत सुशासनको कारणले सहकारी संस्था सञ्चालनमा देखिएको ३२ वटा सहकारी संस्थाहरूको समस्यालाई समाधान गर्नमा संघले विशेष भूमिका निर्वाह गरेको जानकारी गराउँदछु।

**१४. सहकारी मसलन्द बिक्री**

आफ्ना सदस्य संस्थाहरूलाई आवश्यक पर्ने विभिन्न खालका सहकारीमा प्रयोग हुने खाताहरू, फर्म, फरम्याट, तमसुक आदिको सरल मूल्यमा बिक्री वितरण कार्यलाई निरन्तरता दिइएको छ। संघले सहकारी संस्थाहरूको लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका मसलन्दहरू बिक्री वितरण गर्दै आइरहेको छ।

**१५. बैठकहरु सम्पन्न**

संघको आ.व. २०७९/८० को बैठकको विवरण यस प्रकार छ :

| क्र.सं. | बैठक | संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति बैठक<br>(लेखा सुपरीवेक्षण समिति सहित संयुक्त बैठक ५ पटक) | १३ पटक |
| २ | लेखा सुपरीवेक्षण समिति बैठक | ४ पटक |
| ३ | पदाधिकारी बैठक | ५ पटक |
| ४ | कर्जा लगानी तथा असूली उप-समिति बैठक | १७ पटक |
| ५ | पद पूर्ति उप-समिति बैठक | ५ पटक |
| ६ | महिला उप-समिति बैठक | १ पटक |
| ७ | मूल्याङ्कन उप-समिति बैठक | १ पटक |
| ८ | खरिद बिक्री उप-समिति बैठक | १ पटक |
| ९ | कर्मचारी बैठक | ४ पटक |
| १० | समस्याग्रस्त सहकारी संस्थासँग छलफल एवं बैठक | ४ पटक |
| ११ | नीति निर्माण उप-समिति बैठक | २ पटक |

**१६. आ.व. ०७९/८० को संक्षिप्त आर्थिक झलक**

आबद्ध संस्था : ४८१ वटा
कुल शेयर पूँजी : रू. ७,४८,४५,९००
कुल बचत दायित्व : रू. ९८,६३,६८,००९
जम्मा कर्जा लगानी : रू. १,०३,१२,३६,३३२
कुल आय : रू. १६,११,८३,३५८
कुल व्यय : रू. १४,१६,९९,८८९
कुल बचत (कर अघिको) : रू. १,९४,८३,४६९

**१७. NFRS अन्तर्गत लेखापरीक्षण प्रतिवेदन सम्पन्न**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको साना तथा मझौला निकायको लागि लागू हुने नेपाल वित्तीय प्रतिवेदन मानहरू (Nepal Finanical Reporting Standard for Small and Medium Sized Entities - NFRS for SMEs) अनुसार कुनै पनि संस्थाले अविछिन्न दुई आर्थिक वर्षमा ५० करोड वा सो भन्दा बढिको प्राथमिक सम्पत्ति (Assets Held in Fudiciary Capacitiy) धारणा गरेकोमा यस संघले वित्तीय महत्वको नेपाल वित्तीय प्रतिवेदन मान यस आर्थिक वर्षबाट लागू गरिएको जानकारी गराउँदछु ।

**१८. कर्मचारी व्यवस्थापन तथा विकास**

कर्मचारी प्रशासन नियमावलीको पालना गरी बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा संघको अग्रता कायम राख्नको निमित्त निरन्तर रूपमा कर्मचारीहरूको सीप अभिवृद्धि गर्न तथा मनोबल उच्च राख्न आवश्यक भएको हुनाले विभिन्न तालिम तथा अन्य व्यवसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संघ प्रयत्नशील रहेको छ ।

**१९. लाभांश वितरण सम्बन्धमा**

सदस्य सहकारी संस्थाहरूद्वारा लगानी गरिएको शेयरमा आकर्षक प्रतिफल प्रदान गर्न संघ प्रतिवद्ध रहँदै आएको छ । संघको आ.व. २०७९/०८० को नाफाबाट नियम अनुसार संघको विभिन्न कोषमा रकम छुट्याई सदस्य संस्थाहरूलाई शेयर लाभांश १३ प्रतिशत दिने निर्णय भएको हुँदा उक्त प्रस्ताव यस साधारण सभाद्वारा अनुमोदन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

**२०. सम्मान तथा पुरस्कार**

सम्मान तथा पुरस्कार उप-समितिको सिफारिसमा सम्मान तथा पुरस्कार कार्यविधिमा भएको व्यवस्था बमोजिम उत्कृष्ट सहकारी पुरस्कारद्वारा ६ वटा स्थानीय तहका सहकारी संस्थाहरूलाई सम्मान/पुरस्कार प्रदान गर्दै आइरहेको छ । साथै उत्कृष्ट कारोबार गर्ने संस्थाहरू, एकीकरण गर्ने संस्थाहरू तथा पूर्व सञ्चालकज्यूहरूलाई सम्मान गरिने जानकारी गराउँदै सम्मान तथा पुरस्कारको कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिइदै लगिने छ ।

**आदरणीय प्रतिनिधिज्यूहरू,**

अब म आ.व २०८०/०८१ का लागि तय गरिएको आगामी कार्यक्रमहरूको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

(क) **सहयोगी कक्ष निर्माण** : हाल केही सहकारी संस्थाहरूमा समस्या देखिएको हुँदा सो बारे समस्या पहिचान तथा समाधानको लागि संघले सहयोगी कक्ष (Help Desk) को निर्माण गरी सहकारी संस्थाहरूको समस्या समाधानमा सहयोग गरिनेछ ।

(ख) **संस्थाहरूको क्षमता अभिवृद्धि** : सहकारी संस्था सञ्चालन सम्बन्धी सम्पूर्ण तालिम, विभिन्न खाले शैक्षिक भ्रमण, गोष्ठी तथा अन्तरक्रियाहरू नियमित सञ्चालन गरिनेछ । संस्थाको आवश्यकता र माग अनुसार संघले निःशुल्क तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(ग) **संघको भवन निर्माण** : संघको कारोबारमा भएको वृद्धिसँगै कोषमा पनि वृद्धि भइरहेको जानकारी गराउँदै संघको आफ्नै भवनबाट सदस्यहरूलाई सेवा प्रदान गर्दा अझ सदस्य संस्थाहरूको उचाई र गरिमा बढ्ने हुँदा आर्थिक सहजता भए सँगै संघको भवन निर्माण कार्य अगाडि बढाइनेछ ।

(घ) **अन्तरलगानी विस्तार** : संघमा आवद्ध सम्पूर्ण सहकारी संस्थाहरूलाई दैनिक कारोबार गर्न अभिप्रेरित गरी संघको अन्तरलगानीको कारोबारलाई रू. १ अर्ब ५० करोड पुऱ्याइने छ ।

(ङ) **अध्ययन अवलोकन भ्रमण** : विभिन्न संघ संस्थाहरूको अवलोकन भ्रमण गरी सफल सिकाइ, असल अभ्यास हाँसिल गर्ने कार्यक्रमहरूमा देश तथा विदेशमा सदस्य संस्थाहरूलाई सक्रिय सहभागी गराइनेछ ।

(च) **अनुगमन तथा एकीकरण** : सदस्य संस्थाहरूको निरीक्षण तथा अनुगमन कार्यलाई विशेष जोड दिदै सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ मा व्यवस्था भए अनुसारको मुख्य कार्यको रूपमा अगाडि बढाइने साथै सहकारी संस्थाहरू मर्ज गर्ने कार्यमा संस्थाहरूलाई आवश्यक सम्पूर्ण सहयोग गरिनेछ ।

(छ) **संस्था प्रवर्द्धन तथा विकास** : सरकारी/गैरसरकारी तथा सहयोगी संस्थाहरूको सहयोग लिई सहकारी स्रोत केन्द्र स्थापना गरिनेछ । जिल्लाका दुर्गम तथा वित्तीय पहुँच नपुगेका स्थानहरूमा वित्तीय पहुँच पुऱ्याउनका लागि वचत तथा ऋण सहकारी संस्थाहरूको प्रवर्द्धन गरिनेछ ।

**(ज)** **त्रैमासिक वित्तीय प्रतिवेदन सार्वजनिक** : संघले आर्थिक सुशासन एवं पारदर्शीतालाई ध्यानमा राखी ३/३ महिनामा राष्ट्रिय दैनिक पत्रिकामा अपरिस्कृत वित्तीय विवरण प्रकाशित गरिनेछ ।

**(झ)** **समन्वय तथा पहलकदमी** : संस्थाहरूको माग र आवश्यकता अनुसार सम्बन्धीत निकायहरूमा निरन्तर रूपमा समन्वय पहलकदमी गर्ने । विषेश गरी यस्ता कार्यका लागि राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेफस्कून, प्रदेश सहकारी संघ, प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघ ललितपुर, स्थानीय तह लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

**(ञ)** **संघको प्रभावकारी व्यवस्थापन** : संघको व्यवस्थापन पक्षलाई चुस्त दुरूस्त राख्नको लागि आवश्यकता अनुसार कर्मचारी तथा उच्च स्तरीय प्रविधिको व्यवस्थापन गरिदै लगिने छ ।

**(ट)** **क्षमता अभिवृद्धि** : संघको प्रभावकारी सेवा सञ्चालन गर्नका लागि सक्षम मानवीय श्रोतको विकास गर्नु, प्राविधिक संस्कारको विकास गर्नु, संस्थागत पहिचानको निर्माण गर्नु, विधिको आधारमा संस्था सञ्चालन गर्नु, योजनाबद्ध ढङ्गबाट संस्थाका गतिविधि सञ्चालन गर्नु, दक्ष र सक्षम कर्मचारी तथा सचेत सञ्चालक समितिको निर्माण गर्नु नै संघका मुल लक्ष्य भएको हुँदा संघको गत आर्थिक वर्षमा निर्वाचित सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति एवं संघको कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिमको आयोजना गरिनेछ । संघले सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारीहरूको दक्षता बढाउने उद्देश्यका साथ कर्मचारीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालिममा सहभागी गरिनेछ ।

**(ठ)** **शिक्षा तालिम तथा गोष्ठी कार्यक्रममा वृद्धि** : संघले शिक्षा तथा तालिम कार्यक्रमलाई विशेष महत्व दिदै आएको छ । संघले सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारीहरूको दक्षता बढाउने उद्देश्यका साथ सदस्य संस्थाहरूको आवश्यकता अनुसार तालिम तथा गोष्ठीको आयोजना गरिनेछ ।

- ललितपुर जिल्लामा सञ्चालित संस्थाहरूको अध्यक्षहरूको क्षमता अभिवृद्धि हुने उद्देश्य अनुरूप अध्यक्षहरूको गोष्ठीको आयोजना गरिनेछ ।
- ललितपुर जिल्लामा सञ्चालित संस्थाहरूको लेखा सुपरीवेक्षण समितिको क्षमता अभिवृद्धि हुने उद्देश्य अनुरूप लेखा सुपरीवेक्षण समितिको गोष्ठीको आयोजना गरिनेछ ।
- ललितपुर जिल्लामा सञ्चालित संस्थाहरूको व्यवस्थापकहरूको क्षमता अभिवृद्धि हुने उद्देश्य अनुरूप व्यवस्थापकहरूको गोष्ठीको आयोजना गरिनेछ ।

**(ड)** **म्यानेजर क्लव गठन गर्ने** : ललितपुर जिल्लाभित्र संस्थामा आवद्ध प्रमुख कार्यकारी अधिकृतहरू र व्यवस्थापन प्रमुखहरूको सहभागिता हुने गरी म्यानेजर क्लव गठन गरिनेछ ।

**(ढ)** **शेयर पूँजी वृद्धि गर्ने** : संघको दीर्घकालिन विकासका लागि सम्पूर्ण सदस्य संस्थाहरूलाई शेयर पूँजी वृद्धि गरी ८ करोड पुऱ्याइनेछ ।

**(ण)** **सहकारी सम्बन्धी सामग्रीको प्रकाशन तथा बिक्री वितरण** : संघबाट प्रकाशित र अन्य सहकारी संघ/संस्थाहरूबाट उत्पादित र प्रकाशित सहकारी सामग्री तथा स्टेशनरीहरूको बिक्री वितरण तथा लाईवेरी निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

**(त)** **सेवामा नयाँ प्रविधिको प्रयोग** : संघले हाल प्रदान गर्दै आएको सेवामा आधुनिकीकरण गरी SMS Banking, E-Banking मार्फत सेवा प्रदान गरिने छ। साथै संघको website मार्फत विभिन्न गतिविधिहरू तथा सूचनाहरू सदस्य संस्थाहरूमाझ पुऱ्याइनेछ ।

**(थ)** **स्थापना दिवस** : संघको हरेक वर्ष असोज ३ गते स्थापना दिवसको अवसर पारेर समय सान्दर्भिक कार्यक्रमहरू आयोजना गरिनेछ ।

**(द)** **लघु कर्जा प्रदान** : महिलाद्धारा सञ्चालित सहकारी संस्थाहरूलाई विना धितो लघुवित्त कर्जा बढीमा १० लाखसम्म लगानी गरिनेछ ।

**(ध)** **नमुना कार्यविधिहरू प्रदान** : सदस्य संस्थाहरूको सञ्चालनमा आईपर्ने आवश्यक आन्तरिक कार्यविधि निर्माणका लागि नमुना कार्यविधिहरू प्रदान गरिनेछ ।

**(न)** **सक्रिय संस्था निर्माणमा पहल** : संघमा सदस्य भएका संस्था तर निष्क्रिय रहेका संस्थाहरूलाई सक्रिय संस्था निर्माणको लागि विशेष कार्यक्रम ल्याइनेछ । सहकारी ऐन २०७४ बमोजिम ३ पटक सम्म वार्षिक साधारण सभामा भाग

नलिएको खण्डमा सदस्यता खारेज गरिने व्यवस्था भएकोले निष्क्रिय सदस्य संस्थाहरूलाई चलाएमान बनाउन पहल गरिनेछ ।

(प) **निःशुल्क प्रशिक्षक उपलब्ध** : संस्थाको आवश्यकता र माग बमोजिम संघको शिक्षा तालिम कार्यविधिभित्र रहेर निःशुल्क प्रशिक्षक उपलब्ध गराइनेछ ।

(फ) **साझेदारी कार्यक्रम** : राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, प्रदेश संघ, जिल्ला सहकारी संघ, स्थानीय तहहरूसँग सहकार्य गरी सदस्य संस्थाहरूलाई दीगो बनाउन साझेदारी कार्यक्रम लागू गरिनेछ ।

(ब) **सदस्य छाता कार्यक्रम** : संघले आवद्ध संस्थाहरूलाई नीति, विधि र प्रविधिमा रही संस्था सञ्चालनमा सहज हुने उद्देश्य अनुरूप सदस्य छाता कार्यक्रम सञ्चालन गरिनेछ ।

(भ) **केयर (CARE) कार्यक्रमा आवद्ध** : संघको सक्षमता अभिवृद्धि गरी स्तरीकृत संघको रूपमा विकास गर्नको लागि राष्ट्रिय सहकारी बैंकसँग समन्वय गरी संघलाई केयर (CARE) कार्यक्रममा आवद्ध गराइनेछ ।

प्रतिवेदनमा समेटिएको भावी कार्यक्रमहरूलाई साथ-सहयोग र सहभागिताबाट आफ्नो संस्थाको आवश्यकता तथा आकांक्षाहरूको परिपूर्तिमा संघलाई भरपुर उपयोग गर्नुहुन हार्दिक अनुरोधका साथ थप कार्यक्रम आवश्यक भएमा कुनै पनि समयमा संघलाई जानकारी गराइदिनु भएमा आगामी वर्षहरूको कार्यक्रममा समावेश गर्न संघ तयार रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु ।

गत वर्ष सम्पन्न संघको २८औं वार्षिक साधारण सभाबाट पुनः म र मेरो टिमलाई अत्याधिक मतले विजय गराई कार्यसमिति निर्माण गरिदिनु भई थप जिम्मेवारी दिनुभएकोमा संस्थाका सम्पूर्ण प्रतिनिधिज्यूहरूलाई हार्दिक आभार व्यक्त गर्दछु । संघको गतिविधिलाई अझ प्रभावकारी किसिमवाट उचाइमा पुऱ्याउने तर्फ आफ्ना गतिविधि तथा कार्यक्रमहरूलाई अगाडि बढाउन संघले आयोजना गर्ने कार्यक्रम तथा गतिविधिमा सकारात्मक सहयोगको अपेक्षा सदस्य संस्था लगायत विभिन्न सरोकारवालाहरूसँग समेत गर्दछु ।

**आदरणीय प्रतिनिधिज्यूहरू**

अन्तमा : संघको २९ औं वार्षिक साधारण सभामा पाल्नुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिज्यूहरू र सभालाई भव्य, सभ्य र गरिमामय बनाउनका लागि योगदान दिनुहुने संस्थाका प्रतिनिधिज्यूहरू, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, पूर्व सल्लाहकार, विभिन्न उपसमितिहरू, पत्रकारज्यूहरू, कर्मचारी मित्रहरू साथै सम्पूर्ण शुभेच्छुक महानुभावहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने सम्पूर्ण प्रतिवेदनहरूलाई पारित गरिदिनुहुनेछ भन्ने आशाका साथ पुन आभार प्रकट गर्दै बिदा हुन्छु ।

धन्यवाद । जय सहकारी ॥ जय बचत संघ ॥।

रामहरि बजगाई
अध्यक्ष
२०८० कार्तिक २४ गते

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको २९औं वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिद्वारा प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन

सभाका सभाअध्यक्षज्यू,



ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघको २९औं वार्षिक साधारण सभामा संघको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यू, संघका सल्लाहकारज्यू, संघको सदस्य सहकारी संस्थाबाट पाल्नुभएका अध्यक्षज्यू तथा प्रतिनिधिज्यू, पत्रकार मित्र, संघमा कार्यरत कर्मचारी तथा शुभचिन्तक महानुभावहरूमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट न्यानो सहकारी अभिवादन टर्क्याउन चाहन्छु ।

संघको २९औं वार्षिक साधारण सभासम्म आइपुग्दा स्थापनाकालदेखि हालसम्म आफ्ना ४८१ सदस्य संस्थाहरूको विकास र प्रवर्द्धनका लागि गरिएका गतिविधि तथा सदस्य संस्थाहरूप्रतिको अभिभावकीय भूमिका सराहनीय छ साथै संघले आफ्नो परिकल्पना बमोजिम सदस्य संस्थाहरू मार्फत समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै यस जिल्लाकै उत्कृष्ट तथा सशक्त संघको रूपमा आफूलाई उभ्याएको छ । संघले आवश्यक परेको बेला सम्बन्धीत निकायहरूमा बहस र पैरवीमार्फत ध्यानआकर्षण गर्दै आइरहेको छ ।

संघले ऐन कानुनलाई टेकी सहकारी सिद्धान्त, मूल्य मान्यतामा आधारित रही विभिन्न नीति तथा कार्यविधि बनाई संघ अगाडि बढिरहेको छ भने संघमा आवद्ध संस्थाहरूलाई वेवसाईट, फेसबुक तथा एस.एम.एस. मार्फत सूचना प्रवाह गर्दै आएको छ । विभिन्न विषयमा निःशुल्क तथा सःशुल्क तालिम दिंदै आएको एवं सर्वसुलभ वित्तीय सेवा प्रदान गर्दै तरलता अभावले समस्या भएका सहकारी संस्थाहरूमा पनि संघले वित्तीय सहयोग गरी सदस्यहरूको आर्थिक सुशासनमा टेवा पुऱ्याउन अग्रणी भूमिका खेल्दै आएको छ ।

समय सापेक्ष शिक्षा, तालिम तथा प्रतिस्पर्धात्मक रूपमा गुणस्तरीय एवं सर्वसुलभ वित्तीय सेवा प्रदान गर्नु तथा सदस्य संस्थाहरूको आर्थिक सुशासन, नीतिगत सुशासन प्रवर्द्धन गर्ने गरेको छ र प्रारम्भिक संस्थाहरूको वर्तमान अवस्थामा आवाज, माग तथा आशय राज्यसम्म लाने भूमिका अत्यन्तै महत्वपूर्ण ढंगले निर्वाह गरेको छ । लेखा सुपरीवेक्षण समिति हरेक गरिमामय साधारण सभाप्रति पूर्ण उत्तरदायी छ । कुनै पनि संघ संस्थाका सञ्चालक समिति एवं कार्य व्यवस्थापन समुहले आ-आफ्नो दायित्वलाई जिम्मेवारीपूर्वक निर्वाह गरेकै आधारमा पनि यस संघ संस्था अभिछिन्न प्रगतिपथमा क्रमशः अघि बढिरहेको छ र लेखा सुपरीवेक्षण समिति त्यस सूचांकको आधार स्तम्भ हो । संघले आवद्ध सदस्यलाई सुशासन युक्त बनाउन संघले विशेष भूमिका निर्वाह गर्दै आइरहेको छ ।

**आदरणीय प्रतिनिधिज्यूहरू,**

लेखा सुपरीवेक्षण समितिले गरेको नियमित अध्ययन र सुपरीवेक्षणका आधारमा आ.व. २०७९/०८० मा गरेका कामहरू तथा आर्थिक कारोबारका विषयमा तयार पारेको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :**

यस संघको २८ औं साधारण सभाले पारित गरेको नीति तथा कार्यक्रम बाहेक संघले धेरै कार्य सम्पन्न गरेको छ । विशेष गरी अन्तरलगानी, शिक्षा तालिम, अन्तरक्रिया तथा गोष्ठी जस्ता कार्यक्रमहरूमा वृद्धि गरिएको पाइएको छ । साथै अघिल्लो साधारण सभाले लेखा सुपरीवेक्षण समितिको सुझाव कार्यान्वयन गर्ने निर्णय गरे बमोजिम अधिकांश सुझावहरूलाई कार्यान्वयन तर्फ लगेको पाइएको छ ।

**२. बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्थाः**

संघको आ.व. २०७९/०८० को बैठकको विवरण यस प्रकार छ :

| क्र.सं. | बैठक | संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति बैठक<br>(लेखा सुपरीवेक्षण समिति सहित संयुक्त बैठक ५ पटक) | १३ पटक |
| २ | लेखा सुपरीवेक्षण समिति बैठक | ४ पटक |
| ३ | पदाधिकारी बैठक | ५ पटक |
| ४ | कर्जा लगानी तथा असूली उप-समिति बैठक | १७ पटक |
| ५ | पद पूर्ति उप-समिति बैठक | ५ पटक |
| ६ | महिला उप-समिति बैठक | १ पटक |
| ७ | मूल्याङ्कन उप-समिति बैठक | १ पटक |
| ८ | खरिद बिक्री उप-समिति बैठक | १ पटक |
| ९ | कर्मचारी बैठक | ४ पटक |
| १० | समस्याग्रस्त सहकारी संस्थासँग छलफल एवं बैठक | ४ पटक |
| ११ | नीति निर्माण उप-समिति बैठक | २ पटक |

बैठक तथा अन्य कार्यक्रमहरूमा सहभागिता एवं उपस्थितिका बारेमा प्रश्न उठाउनुपर्ने अवस्था देखिएको छैन । सम्पूर्ण बैठकहरूका निर्णयहरूमध्ये अधिकांशको कार्यान्वयन भएको छ ।

**३. शेयर पूँजीको सम्बन्धी अवस्था :**

यस संघको आ.व. २०७९/०८० सम्ममा शेयर पूँजी रू.७,४८,४५,९००।- रहेको पाइयो ।

**४. ऋण लगानी प्रक्रिया, ऋण वापतको सुरक्षण र धितो सम्बन्धी व्यवस्था :**

संघले कर्जा लगानी गर्दा संघको तरलतालाई ध्यानमा राखी अनिवार्य धितोको व्यवस्था रहेको र कर्जा लगानी गर्दा कर्जा लगानी तथा असूली उप-समिति मार्फत कर्जा प्रवाह गर्दा धितो मूल्याङ्कनकर्ताबाट धितो मूल्याङ्कन गरी कर्जा लगानी गरिएको र लगानी गरिएको सम्पूर्ण कर्जामा धितो सुरक्षण रहेको पाइयो ।

**५. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

यस संघको पदाधिकारीहरूले कुनै पनि प्रकारको पारिश्रमिक, बैठक भत्ता तथा अन्य सेवा सुविधा लिएको पाइएन । संघ आजको दिनमा आइपुग्दा संघ सक्षम भएको र संघले आयोजना गर्ने सम्पूर्ण कार्यक्रमहरूमा सक्रिय सहभागिताको लागि सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरूलाई बैठक भत्ताको व्यवस्था गर्नको लागि सुझाव दिइन्छ ।

**६. तालिम एवं अन्य क्रियाकलापहरू :**

शिक्षा तथा तालिम उप-समितिको भूमिका सराहनीय रह्यो । आफ्ना सम्पूर्ण सदस्य संस्थाहरूसम्म विभिन्न तालिमहरू पुऱ्याउनको निम्ति संघको प्रयत्नजारी राख्न जरूरी देखिन्छ । यस वर्षमा सम्पन्न विभिन्न तालिमहरू यस प्रकार रहेको पाइयो :

| क्र.सं. | तालिम विवरण | सञ्चालन मिति |
|---|---|---|
| क) | पर्ल्स अनुगमन प्रणाली सम्बन्धी तालिम | २०७९ असोज ४ देखि ५ सम्म |
| ख) | व्यवस्थापक क्षमता अभिवृद्धि तालिम | २०७९ फागुन २५ र २६ |
| ग) | सहकारीमा कर्जा सम्बन्धी कानुनी समस्या तालिम | २०७९ फागुन ४ र ५ |
| घ) | सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम | २०७९ चैत्र ८ देखि १० सम्म |
| ङ) | लेखा सुपरीवेक्षण समिति क्षमता अभिवृद्धि तालिम | २०८० वैशाख २६ र २७ |
| च) | आधारभूत सहकारी लेखापालन तालिम | २०८० वैशाख १० देखि १५ |
| छ) | सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम | २०८० जेष्ठ २ देखि ४ |
| ज) | सहकारीमा बजेटिङ्ग तालिम | २०८० जेष्ठ १८ र १९ |

**७. रणनीतिक व्यवसायिक योजना :**

संघको २८औं वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको सहभागीतामा २०८० असार ७ देखि ९ गतेसम्म सञ्चालन भएको पञ्च वर्षीय व्यवसायिक योजनाबाट "**समृद्ध साकोस दीगो संघ**" भिजन तय भए अनुरूप सोही अनुरूप संघको कृयाकलापहरू सञ्चालन गरिएको पाइयो ।

**८. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

कर्मचारी प्रशासन नियमावली र आर्थिक प्रशासनिक नियमावलीको निर्माण पछि कामको चापलाई ध्यानमा राखी आवश्यक कर्मचारीको दरबन्दी खडा गरी विधि र प्रकृया अनुसार कर्मचारीको व्यवस्था गरिएको पाइएको छ । कर्मचारीहरूको संख्या र कार्य बोझ बीचको तादम्यता मिलेको देखिएको छ । कर्मचारी भर्ना गर्दा विधिसम्मत तरिकाले कर्मचारी भर्ना तथा छनौट समिति निर्माण गरी सोही समितिको सिफारिसको आधारमा कर्मचारी भर्ना गरिएको पाइएको छ ।

हाल संघमा कार्यरत कर्मचारीहरूको विवरण यस प्रकार छ :

| क्र.सं. | पद | संख्या | नियुक्ति |
|---|---|---|---|
| १ | व्यवस्थापक | १ जना | स्थायी |
| २ | सहायक व्यवस्थापक | १ जना | करार |
| ३ | लेखा तथा प्रशासन अधिकृत | १ जना | अस्थायी |
| ४ | बजार अधिकृत | १ जना | स्थायी |
| ५ | कर्जा अधिकृत | १ जना | स्थायी |
| ६ | लेखापाल | २ जना | स्थायी |
| ७ | क्यासियर | १ जना | अस्थायी |
| ८ | रिसेप्सनिष्ट | १ जना | अस्थायी |
| ९ | बजार सहायक | १ जना | स्थायी |
| १० | बजार सहायक | २ जना | अस्थायी |
| ११ | कार्यालय सहयोगी | १ जना | स्थायी |
| १२ | सुरक्षा गार्ड | १ जना | करार |

**९. लेखा सुपरीवेक्षण समितिले दिएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था**

लेखा सुपरीवेक्षण समितिले आफ्ना नियमित अध्ययन, अनुगमन र बैठकहरूबाट दिएका अधिकांश सुझावहरूको कार्यान्वयन भएको पाइएको छ । यद्यपि केही सुझावहरू अझै कार्यान्वयन हुने क्रममै रहेको पाइयो ।

**१०. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण**

संघले ऐन विनियममा तोकिए बमोजिम विवरण सम्बन्धी निकायमा पठाउने गरेका पाइयो । सहकारी ऐन २०७४ बमोजिम शेयर पूँजीको १५ प्रतिशत लाभांश वितरण गरेको, भल्ट विमा तथा मार्गस्थ विमा गरेको, नीति, कार्यविधिहरू बनाई सोही अनुरूप कार्य सञ्चाल भएको र अन्य आवश्यक मापदण्डहरूको पालना गरेको पाइयो ।

**११. लेखा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :**

क) यस ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को वित्तीय विवरणलाई अध्ययन गर्दा आगामी वर्ष स्तरीकरण कार्यक्रममा सहभागी हुनको लागि आवश्यक सुझाव दिइन्छ ।

ख) सदस्य संस्थाहरूको माग र सुविधालाई ध्यानमा राखी सेवा काउन्टर मार्फत आर्थिक कारोबार गर्नको लागि संघले प्रथम सेवाकेन्द्र सञ्चालनमा ल्याइसकेको अवस्थामा उक्त सेवाकेन्द्र मार्फत कारोबार वृद्धि गर्ने योजना तय गर्न सुझाव दिइन्छ ।

ग) संघले सदस्य संस्थाहरूलाई कर्जा लगानी गर्दा कर्जाको वर्गीकरण गरी कर्जा अवधिलाई समेत पुनरावलोकन गर्न सुझाव दिइन्छ । साथै एउटै संस्थालाई ठूलो कर्जा नदिन र साना साना कर्जालाई प्राथमिकता दिनुका साथै संस्थाको वस्तु स्थिति र प्रतिवेदनको आधारमा ऋण लगानी गर्न सुझाब दिइन्छ ।

घ) संघको शेयर पूँजी वचतको अनुपातमा कमि रहेको परिप्रेक्षमा शेयर वृद्धि सम्बन्धी आवश्यक कार्यक्रमहरूको आयोजना गरी शेयर पूँजी वृद्धि गर्न सुझाव दिइन्छ ।

ङ) संघले सदस्य संस्थाहरूलाई अझ प्रभावकारी रूपमा सेवा प्रदान गर्ने उद्देश्यले जग्गा खरिद गरिसकेको अवस्थामा आर्थिक सहज भए पश्चात् मात्र भवन निर्माण कार्यलाई अगाडि बढाउन सुझाव दिइन्छ ।

च) संघमा आवद्ध हुँदा बचत तथा ऋण सहकारी संस्था भएको र पछि उद्देश्य परिवर्तन गरी अन्य प्रकृतिको उद्देश्यबाट सञ्चालन भइरहेका संस्थाहरू हाल पनि संघमा कारोबार गरिरहेको हुँदा उक्त संस्थाहरूलाई सदस्यता फिर्ता गराउन सुझाव दिइन्छ ।

छ) हाल बजारको विद्यमान अवस्थालाई हेर्दा वित्तीय क्षेत्रमा आर्थिक सहजता नभएको समयमा पनि संघले २४.१० प्रतिशत तरलता राख्न सफल भएकोमा अझ यसलाई व्यवस्थित गर्न कर्जा प्रवाहमा थप नीति अवलम्बन गर्न सुझाव दिइन्छ । साथै तरलता हेरी बाह्य ऋणलाई निरुत्साहित गरी शून्यमा ल्याउन सुझाव दिइन्छ ।

ज) संघले सदस्य संस्थालाई उत्प्रेरित गर्न समय समयमा तालिम तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिन सुझाव दिइन्छ । नियमक निकायबाट सम्प्रेषण भएको निर्देशिका, सुझावहरूलाई समयमा सुचित गराउने सुझाब उपसमितिलाई प्रदान गर्न सुझाब दिइन्छ ।

अन्त्यमा,

संघको निमन्त्रणामा व्यस्त समयका बावजुत पनि विशेष महत्व दिई सहभागी हुनुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यू, संघका सल्लाहकारज्यू, संघको सदस्य सहकारी संस्थाबाट पाल्नुभएका अध्यक्षज्यू तथा प्रतिनिधिज्यू, पत्रकार मित्रहरू, संघमा कार्यरत कर्मचारीहरू तथा शुभचिन्तक महानुभावहरूमा विशेष धन्यवाद दिंदै यहाँ उपस्थित सम्पूर्ण प्रतिनिधिज्यूहरूबाट आवश्यक सल्लाह सुझाव सहित बन्द सत्रबाट यस प्रतिवेदनलाई पारित गरिदिनुहुन अनुरोध गर्दछौं ।

धन्यवाद । जय सहकारी ॥

२०८० कार्त्तिक २४ गते शुक्रबार

संयोजक : सानुकाजी महर्जन

सदस्य : कान्छा बज्राचार्य

सदस्य : लक्ष्मी श्रेष्ठ

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २९ औं वार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत आ.व. २०७९/०८० को आर्थिक प्रतिवदेन तथा २०८०/२०८१ को अनुमानित वार्षिक बजेट



यस ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. को २९ औँ साधारण सभाका सभापति एवं यस संघका अध्यक्ष श्री रामहरि बजगाईज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्य साथीहरू, साथै विभिन्न उपसमितिका सदस्य मित्रहरू, संघको साधारणसभालाई सभ्य, भव्य र मर्यादित तबरमा सम्पन्न गर्न उपस्थित सदस्य संस्थाका अध्यक्ष एवं प्रतिनिधिज्यूहरू, पत्रकार मित्रहरू, कर्मचारी वर्ग तथा तमाम सहकारीकर्मी मित्रहरूमा म ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को तर्फबाट साथै मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु।

हाम्रो विगतदेखिको अभियान सहकारी संस्थाहरूलाई आफ्नो छाता संघभित्र ल्याउनु मात्र नभई विभिन्न तालिम, गोष्ठी, सभा, सेमिनार, लेखापरीक्षण सेवा मार्फत संघका सदस्य संस्थाहरूको व्यवस्थापन पक्षलाई दरिलो बनाई सहकारी नीति अनुरूप संस्थालाई परिचालन गराउन लगाउने प्रयास हो । आर्थिक पक्षले संस्थालाई सहयोग मात्र गर्ने हो भन्ने भ्रमबाट अलि माथि उठेर संघ संस्थाको सम्वर्द्धन, प्रर्वद्धन र नीतिगत कुरामा पनि सहयोग गर्ने र गाह्रो पर्दा संस्थाको अभिभावकको भूमिका खेली संस्थालाई टेवा पुऱ्याउने कार्य गर्दछ भन्ने कुरामा विश्वस्त गराउन चाहन्छु।

ललितपुर जिल्लाभर रहेका सम्पूर्ण सहकारी संस्थाहरूलाई संघमा आवद्ध गराई उनीहरूको आवश्यकता परिपूर्ति गर्न, समय सापेक्ष आफ्ना वस्तु तथा सेवाहरूलाई परिमार्जन गर्दै नवीनतम प्रविधिको प्रयोगबाट दुर्गम तथा विपन्न वर्गको पहुँचमा सहकारीका आर्थिक सबलीकरणतर्फ संघले आफ्ना नीति कार्यक्रमलाई निर्दिष्ट गर्दै आएको छ । संघले आफ्नो प्रगति पथमा अगाडि बढ्दै गर्दा आज यस २९ औं वार्षिक साधारण सभाको अवस्थासम्म र आगामी दिनमा समेत अगाडि बढ्ने आधारहरू समेतको तयारी गर्नमा यस संघलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन एवं साथ सहयोग प्रदान गरी सफलताको यस घडीमा पुऱ्याउन सहयोग गर्नुहुने सरोकारवाला सम्पूर्ण निकायहरूप्रति यस गरिमामय साधारण सभामा हार्दिक आभार प्रकट गर्दछु। यो सहयोग र साथको निरन्तरता रहिरहोस् भन्न चाहन्छु।

संघले हाल विभिन्न नियमावली लागू गरी संघलाई चुस्त दुरूस्त ढङ्गबाट अगाडि बढाइ रहेको व्यहोरा जानकारी गराउन चाहन्छु। आर्थिक पक्षलाई सबल चुस्त र दुरूस्त राख्न आधुनिक सफ्टवेयर प्रणालीलाई प्रयोगमा ल्याई कर्मचारीलाई पनि प्रविधिसँगै अगाडि बढाउन तालिमको व्यवस्था गरिएको छ । संघको पूँजीको स्रोत शेयर, बचत हो भने सदस्यता नवीकरण शुल्क, मसलन्द विक्री वितरण, तालिम, कर्जा लगानीबाट प्राप्त व्याज, बैंकबाट प्राप्त हुने ब्याज संघका प्रमुख आम्दानीका स्रोतहरू हुन्। संघले न्यून शुल्कमा गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य लिएको जानकारी यहाँहरूमाझ गराउन चाहन्छु।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको साना तथा मझौला निकायको लागि लागू हुने नेपाल वित्तीय प्रतिवेदन मानहरू (Nepal Finanical Reporting Standard for Small and Medium Sized Entities - NFRS for SMEs) अनुसार कुनै पनि संस्थाले अविछिन्न दुई आर्थिक वर्षमा ५० करोड वा सो भन्दा बढिको प्राथमिक सम्पत्ति (Assets Held in Fudiciary Capacitiy) धारणा गरेकोमा यस संघले वित्तीय महत्वको नेपाल वित्तीय प्रतिवेदन मान यस आर्थिक वर्षबाट लागू गरिएको जानकारी गराउँदछु।

हाल विश्व अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीले नेपालको अर्थतन्त्रमा परेको प्रभावका कारण बैंक/वित्तीय संस्थामा परेको असरले सहकारी क्षेत्रलाई समेत प्रत्यक्ष प्रभाव पारेको समयमा समेत संघमा आवद्ध संस्थाहरूले नियमित कारोबार गरी संघलाई सफल पारिदिनु हुने सम्पूर्ण सदस्य संस्थाहरूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। संघले विना धितो कर्जा लगानी नगरेको हुँदा आवद्ध सम्पूर्ण संस्थाहरूले आफ्ना सदस्यहरूलाई विना सुरक्षण कर्जा लगानी नगर्न अनुरोध गर्दै संघमा ढुक्कसँग कारोबार गर्नुहुन हार्दिक अनुरोध गर्दछु। संघको विगत ५ वर्षदेखिको वित्तीय विवरणलाई चित्र मार्फत प्रस्तुत गरिएको छ।

**शेयर विवरण**




**बचत तथा निक्षेप विवरण**




**कर्जा विवरण**



**कोष विवरण**




**सम्मानित सभामा उपस्थित महानुभावहरू**

यस भव्य गरिमामय २९ औं साधारण सभामा यहाँहरू समक्ष संघका लेखापरीक्षक सि.ए. रमेश नेपालज्यूबाट लेखापरीक्षण भई आएको आर्थिक बर्ष २०७९/०८० को आर्थिक कारोबारको यथार्थ विवरण लेखापरीक्षण प्रतिवेदन तथा चालु वर्ष २०८०/०८१ को लागि प्रस्तावित अनुमानित बजेट अनुमोदनको लागि पेश गर्दछु । ।

**आ.व. ०८० अषाढ मसान्तसम्मको यथार्थ तथा प्रस्तावित आ.व. ०८०/८१ को अनुमानित विवरण**

**(क) पूँजी तथा दायित्व**

| क्र.सं. | विवरण | आ.व ०७९/८० को प्रस्तावित | आ.व. ०८० असार मसान्तको यथार्थ | आ.व ०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | १००,०००,००० | ७४,८४५,९०० | ८०,०००,००० |
| २ | जगेडा कोष तथा अन्य कोषहरू<br>न्युन : कर्जा जोखिम कोष | १६०,०००,००० | १४५,९७०,५७०<br>(४२,८९७,७११) | १६२,०००,००० |
| ३ | निक्षेप हिसाब खाता | १,६७४,५००,००० | ९८६,३६८,००९ | १,१२८,०००,००० |
| ४ | भुक्तानी दिनुपर्ने जम्मा | ११,०००,००० | – | – |
| ५ | अन्य दायित्व | ४,५००,००० | ११,६३०,७४३ | १०,०००,००० |
| ६ | वाह्य ऋण | १००,०००,००० | १७६,१९१,७९१ | १२०,०००,००० |
| | **जम्मा** | **२,०५०,०००,०००** | **१,३५२,१०९,३०२** | **१,५००,०००,०००** |

**(ख) सम्पत्ति**

| क्र.सं. | विवरण | आ.व ०७९/८० को प्रस्तावित | आ.व. ०८० असार मसान्तको यथार्थ | आ.व ०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण लगानी हिसाव<br>न्युन : कर्जा नोक्सान ब्यवस्था | १,५५०,०००,००० | १,०३१,२३६,३३२ | १,०९०,०००,००० |
| २ | शेयर लगानी हिसाव | १०,०००,००० | ९,३८८,३०० | १०,०००,००० |
| ३ | लगानी हिसाब (मुद्दती) | १००,०००,००० | – | – |
| ४ | स्थीर सम्पत्ती हिसाब | ७५,०००,००० | ७१,३३६,६३७ | ७२,९००,००० |

| क्र.सं. | विवरण | आ.व ०७९/८० को प्रस्तावित | आ.व. ०८० असार मसान्तको यथार्थ | आ.व ०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| ५ | चालु सम्पत्ति-मौज्दात | ६००,००० | - | ६००,००० |
| ६ | ख्याती र अमुर्त सम्पत्ति | | ४,४५५ | |
| ७ | स्थगन कर सम्पत्ति | ६००,००० | ११५,१४४ | ६००,००० |
| ८ | बैंक तथा नगद मौज्दात | ३१४,३००,००० | २३५,१६०,६७७ | ३२०,४००,००० |
| ९ | कर सम्पत्ति | | ५५५,८२३ | |
| १० | अन्य सम्पत्ति | १००,००० | ४,३११,९३४ | ५,५००,००० |
| | **जम्मा** | **२,०५०,६००,०००** | **१,३५२,१०५,३०२** | **१,५००,०००,०००** |

**आ.व. २०८० अषाढ मसान्तसम्मको यथार्थ तथा प्रस्तावित आ.व. ०८०/८१ को अनुमानित**

**आय ब्यय विवरण**

| क्र.सं. | विवरण | आ.व. ०७९/८० को प्रस्तावित | ०८० असार मसान्तको यथार्थ | आ.व. ०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| **(क) आम्दानी विवरण** | | | | |
| १ | ब्याज तथा वित्तीय आम्दानी | १९९,४००,०००।०० | १५८,७११,४९८।७३ | १६८,५२७,५८७।७९ |
| | ऋण लगानीबाट ब्याज आम्दानी | १६७,५००,०००।०० | १५१,६९३,४१०।०० | १५८,६२७,५८७।७९ |
| | बैंकबाट ब्याज आम्दानी | ३०,०००,०००।०० | ५,४९०,२०५।०० | ८,४००,०००।०० |
| | वित्तीय लगानीबाट आम्दानी | १,१५०,०००।०० | ९७९,६३२।८० | १,०००,०००।०० |
| | संरक्षित पूँजी फिर्ता कोष आम्दानी | ७५०,०००।०० | ५४८,२५०।९३ | ५००,०००।०० |
| २ | अन्य सञ्चालन आम्दानी | ५,२९०,०००।०० | २,४७१,८५९।०० | ३,४८०,०००।०० |
| | अन्तर लगानी ऋण सेवा एवं हर्जना | ३,५००,०००।०० | २,३३४,७३६।०० | २,६५०,०००।०० |
| | अन्तर लगानी धितो मूल्यांकन शुल्क | १,०००,०००।०० | - | १००,०००।०० |
| | प्रवेश शुल्क | २५,०००।०० | | ५,०००।०० |
| | सदस्यता शुल्क | - | ४,५२६।०० | ५,०००।०० |
| | मसलन्द मौज्दात आम्दानी | ७५,०००।०० | ३३,३९७।०० | ५०,०००।०० |
| | अध्ययन अवलोकन तथा अन्य कार्यक्रम | २००,०००।०० | - | २००,०००।०० |
| | हल भाडा आय | २०,०००।०० | - | २०,०००।०० |
| | तालिम शुल्क आम्दानी | २५०,०००।०० | - | २५०,०००।०० |
| | विविध कार्यक्रम आम्दानी | १५०,०००।०० | | १५०,०००।०० |
| | अन्य आय | ७०,०००।०० | ९९,२००।०० | ५०,०००।०० |
| | कुल जम्मा आम्दानी | २०४,६९०,०००।०० | १६१,१८३,३५७।७३ | १७२,००७,५८७।७९ |
| **(ख) खर्च विवरण** | | | | |
| १ | ब्याज खर्च | ११५,०००,०००।०० | १०८,७९९,४२०।०० | १०८,५२२,६८०।३७ |
| | बचतमा ब्याज खर्च | ११५,०००,०००।०० | ९७,२११,८८३।०० | ९०,०२२,६८०।३७ |
| | बाह्य ऋणमा ब्याज खर्च | - | ११,५८७,५३७।०० | १८,५००,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रशासनिक तथा कर्मचारी खर्च | २१,५३५,०००।०० | १८,१४४,३३३।७३ | २१,२७०,०००।०० |
| | कर्मचारी तलब खर्च | ६,५००,०००।०० | ६,४३८,२७०।४३ | ७,५००,०००।०० |
| | बैठक भत्ता खर्च | १,१००,०००।०० | - | ७५०,०००।०० |
| | सञ्चालक क्षमता विकास तालिम | - | - | ३००,०००।०० |
| | कर्मचारी क्षमता विकास तालिम | - | - | २५०,०००।०० |
| | पोशाक खर्च | ४५०,०००।०० | २०७,३१५।०० | ५००,०००।०० |
| | घर भाडा | २,२५०,०००।०० | २,१३६,२५७।०० | २,२५०,०००।०० |
| | मसलन्द तथा छपाई खर्च | १,०६०,०००।०० | ३८६,३२९।०० | ६००,०००।०० |
| | साधारण सभा खर्च | १,१००,०००।०० | १,३२१,८७२।०० | ५००,०००।०० |
| | तालिम सञ्चालन खर्च | २५०,०००।०० | ६६,०५५।०० | ५००,०००।०० |
| | मर्मत तथा सम्भार खर्च | २००,०००।०० | १०५,६११।३० | १५०,०००।०० |
| | बाह्रय ऋण सेवा शुल्क तथा मालपोत खर्च | - | १,६५४,०००।०० | १५०,०००।०० |
| | बाह्रय ऋण फिल्ड तथा भ्यालुयसन खर्च | १,०००,०००।०० | १९२,७२०।०० | ५०,०००।०० |
| | पत्रपत्रिका तथा शुभकामना खर्च | २५०,०००।०० | | १००,०००।०० |
| | नागरिक लगानी कोष खर्च | ६००,०००।०० | ५५९,५३६।०० | ७५०,०००।०० |
| | अतिथि सत्कार तथा बैठक खाजा खर्च | ६००,०००।०० | ३६०,१७७।०० | ५००,०००।०० |
| | इन्धन खर्च | ८००,०००।०० | १,००२,५२४।०० | १,०००,०००।०० |
| | पानी तथा बिजुली महसुल | २६०,०००।०० | १९७,९३०।०० | २५०,०००।०० |
| | वाह्य तालिम खर्च | ४००,०००।०० | - | ४००,०००।०० |
| | यातायात तथा ढुवानी खर्च | २५,०००।०० | - | ५०,०००।०० |
| | सफ्टवेयर खर्च | २००,०००।०० | ४६,९२३।०० | २००,०००।०० |
| | सरसफाई खर्च | १५०,०००।०० | १२४,०८०।०० | १५०,०००।०० |
| | सञ्चार खर्च | ३५०,०००।०० | ३६२,०४७।०० | ४००,०००।०० |
| | सदस्यता शुल्क खर्च | ३०,०००।०० | ३५९,८१०।०० | ४००,०००।०० |
| | सेक्युरिटि खर्च | ३००,०००।०० | २४९,७३०।०० | ३००,०००।०० |
| | लेखापरीक्षण खर्च | २००,०००।०० | २००,०००।०० | २५०,०००।०० |
| | बीमा | ३००,०००।०० | २९३,९८६।०० | ३५०,०००।०० |
| | कर्मचारी उपदान खर्च | ६५०,०००।०० | ९८,५१३।०० | ३७५,०००।०० |
| | कर्मचारी सञ्चित बिदा खर्च | ४५०,०००।०० | ४७१,१८२।०० | ४००,०००।०० |
| | राहत/सहयोग खर्च | २५०,०००।०० | १९७,०००।०० | २००,०००।०० |
| | वृत्तचित्र तथा वेभसाईट निर्माण खर्च | ५००,०००।०० | ४,०००।०० | ५०,०००।०० |
| | कार्यक्रम खर्च | ३३०,०००।०० | ६३१,८०७।०० | १,०००,०००।०० |
| | स्वास्थ्य सुरक्षा खर्च | २००,०००।०० | १८,३६०।०० | २५,०००।०० |
| | व्यवसाय नवीकरण शुल्क | - | ३९,११०।०० | १५,०००।०० |
| | NFRS अनुसार ब्याज खर्च | - | ५८,२७३।०० | ५०,०००।०० |
| | बैंक शुल्क | - | १९,९६०।०० | २०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | पूजा खर्च | ३०,०००।०० | ३१,६२०।०० | ३५,०००।०० |
| | कार्यालय सूचना प्रकाशन खर्च | ३५०,०००।०० | १०३,८४१।०० | २००,०००।०० |
| | अफिस सजावट खर्च | १००,०००।०० | - | - |
| | विविध खर्च | ३००,०००।०० | २०५,४९५।०० | ३००,०००।०० |
| ३ | कर्जा जोखिम कोष खर्च | १२,५००,०००।०० | १३,७३४,३९९।०० | १०,०००,०००।०० |
| ४ | ह्रास कट्टी खर्च | १,२००,०००।०० | १,०२१,७३६।०० | १,०००,०००।०० |
| | कुल जम्मा खर्च | १५०,२३५,०००।०० | १४१,६९९,८८८।७३ | १३९,९२२,६८०।३७ |
| **(ग)** | **कुल आय** | **२०४,६९०,०००।००** | **१६१,१८३,३५७।७३** | **१७२,००७,५८७।७९** |
| **(घ)** | **कुल ब्यय** | **१५०,२३५,०००।००** | **१४१,६९९,८८८।७३** | **१४०,७९२,६८०।३७** |
| **(ङ)** | **खुद बचत** | **५४,४५५,०००।००** | **१९,४८३,४६९।००** | **३१,२१४,९०७।४२** |

अन्त्यमा,

संघको २९ औं वार्षिक साधारण सभामा पाल्नुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिज्यूहरू र सभालाई भव्य, सभ्य र गरिमामय बनाउनका लागि योगदान दिनुहुने संस्थाका प्रतिनिधिज्यूहरू, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकार, विभिन्न उपसमितिहरू, पत्रकारज्यूहरू, कर्मचारी मित्रहरू साथै सम्पूर्ण शुभेच्छुक महानुभावहरूप्रति यस कार्यक्रमलाई सम्पन्न गर्न सहयोग गर्नुभएकोमा आभार प्रकट गर्दै बिदा हुन चाहान्छु । धन्यवाद ।

वसन्त माली
कोषाध्यक्ष
२०८० कार्त्तिक २४

**Nepal Associates**
Chartered Accountants

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्यहरु
ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड
लगनखेल, ललितपुर

## वित्तिय विवरणहरुको लेखापरीक्षण प्रतिवेदन

### राय

हामीले ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, लगनखेल, ललितपुर (यस पछि संघ भनिएको) को यसै साथ सलग्न विवरणहरुको लेखापरिक्षण गरेका छौ जसमा २०८० असाढ मसान्तको वित्तीय अवस्थाको विवरण र सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब र अन्य विस्तृत आम्दानी , नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण तथा अपनाइएका प्रमुख लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीहरु समावेश रहेका छन् ।

**क) NFRS 9- वित्तीय उपकरण: पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको निर्देशन नं २/०७७ बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संघ नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संघले सहकारी विभागद्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

**ख) NFRS 9( वित्तीय उपकरण- पहिचान तथा मापन (समायोजित ब्याज दर-Effective Interest rate सम्बन्धी)**

NFRS को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ ।

वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**३.३ प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति**

संघले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०७९ श्रावण १ गते र अन्त्य २०८० असार ३१ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । संघको सञ्चालक समितिले आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण २०८०/०५/०३ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिश गरिएको छ ।

**३.४ वित्तीय विवरणको उत्तरदायित्व**

संघको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संघको आषाढ मसान्त, २०८० मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संघको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संघको आर्थिक वर्ष २०७९/८० को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संघको आर्थिक वर्ष २०७९/८० मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), tyf

(ङ) संघको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

**३.५ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा**

वित्तिय विवरणहरु नेपाली रुपैयाँमा तर्जुमा गरिएको छ जुन संघको संचालन तथा प्रस्तुतिकरण गर्ने मुद्रा समेत रहेको छ। अन्यथा उल्लेख भएको बाहेक अंकहरुलाई निकटतम रुपैयाँमा उल्लेख गरिएको छ।

**३.६ महत्वपूर्ण लेखाङ्कन निर्णय र अनुमान**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)

- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गीकरण (Classification of Investment Property)

**३.६.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लेखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा statistical Models को प्रयोग गरिन्छ ।

**३.६.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Asset and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएका,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएका,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएका

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याङ्कनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ४.४ मा प्रस्तुत गरिएको छ ।

**३.६.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिन वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढि हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ ।

NFRS 9 को para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छः

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्ने प्रश्नहरु
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

संघको वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ४.४.८ मा प्रस्तुत गरिएको छ ।

**३.६.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था**

संघले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नु पर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ४.२१ मा प्रस्तुत गरिएको छ ।

**३.६.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि**

संघले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**३.६.६ कर तथा स्थगन कर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**चालु कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**स्थगन कर**

सम्पत्ति तथा दायित्वहरको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

**३.६.७ परिभाषित लाभ दायित्व (Defined Benefit Obligation)**

संसथाले कर्मचारी प्रतिको निम्न दुई प्रकारका दायित्वहरुलाई परिभाषित लाभ दायितव 'Defined Benefit Obligation' को रुपमा पहिचान गरेको छ:

- उपदान बापतको दायित्व
- सञ्चित बिदा बापतको दायित्व

संघले उक्त दायित्वको मूल्याङ्ककन संघको नियमावली अनुसार किताबी मुल्यमा न गरेको छ। बिमाङ्किय लागत/लाभ विश्लेषणलाई ध्यानमा राख्दै, संघले परिभाषित लाभ दायित्वको वास्तविक मूल्याङ्कन गरेको छैन र दायित्वलाई बुक भ्यालुमा बोकेको छ।
यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१६ मा प्रस्तुत गरिएको छ ।

**३.६.८ सम्भावित दायित्वको लागि व्यवस्था**

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा संस्थाको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएको दायित्वहरु पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

**३.६.९ लगानी सम्पत्तिको वर्गीकरण**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । संघले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले संघले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गीकरण गरिन्छ । संघले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

**३.७ लेखा नीतिमा परिवर्तन**

संलग्न वित्तीय प्रतिवेदनहरु पहिलो पटक NFRS को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन् । पहिलो पटक NFRS बमोजिम वित्तीय प्रतिवेदनहरु तयार गर्दा NFRS 1 मा भएको व्यवस्था बमोजिम बिगतमा NFRS लागू हुनु अधिको GAAP बमोजिम तयार गरिएका वित्तीय विवरणहरुलाई NFRS अनुसार पुर्नलेखन गर्नु पर्दा सो को वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरणमा पर्न जाने प्रभावको बारे नोट २ मा प्रस्तुत गरिएको छ ।

**३.८ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु**

नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (ICAN) ले २०७७ असार ११ (NFRS 2018) मा NFRS को नयाँ संस्करण जारी गरेको छ जसमा NFRS 9 वित्तीय उपकरणहरु (Financial Instruments), NFRS 14 नियामक स्थगित खाताहरु (Regulatory deferral accounts),

NFRS 15 ग्राहकहरुसँगको सम्झौताबाट राजस्व (Revenue from Contract with Customers), NFRS 16 पट्टाहरु (Leases)/NFRS 17 बीमा सम्झौता (Insurance Contract) रहेको छन जुन मिति १६ जुलाई २०२१ देखि प्रभावकारी भईसकेको ले संघले उक्त NFRS अङ्गिकार गरिसकेको छ ।

**३.९ संघको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)**

संघको व्यवस्थापनले सहकारी संघको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संघ अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाएको छ । साथै व्यवस्थापनले संघको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमातामा ह्रास पुर्‍याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तीय विवरण संघको निरन्तरता र अविछन्नतामा आधारित रहेर वित्तीय विवरणहरु तयार पारिएको छ ।

**३.१० तुलनात्मक जानकारी**

लेखा नीतिहरु सबै अवधिमा समान रुपलेअवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूनरवर्गीकरण गरिएका छन् ।

**३.११ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरु**

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३१, २०८० को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुञ्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकूल वा प्रतिकूल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**३.१२ एन.एफ.आर.एस. कार्यन्वयनमा चुनौतीहरु (Limitation of NFRS implementation)**

तथ्यांक वा सूचना उपलब्ध नभएको तथा विकासको लागि लागत लाभ भन्दा बढी हुने जस्ता एन.एफ.आर.एस. कार्यान्वयनमा देखिएका अपवादलाई सम्बन्धित खण्डमा उल्लेख गरिएको छ ।

**३.१३ रिपोर्टिङ्ग अवधि**

वित्तीय विवरण तयार पार्न संघले लेखामान बोर्ड नेपाल(ASB) ले घोषित गरेको NFRS अपनाएको छ। NFRS अनुसार वित्तिय विवरणहरु तयार गर्दा निम्न मितिहरुलाई ध्यानमा राखिएको छ ।

| वित्तीय विवरण | वि.स | ई.स |
|---|---|---|
| पहिलो NFRS वित्तिय अवस्थाको विवरणको मिति | १ श्रावण २०७८ | १६ जुलाई २०२१ |
| तुलनात्मक वित्तिय अवस्थाको विवरणको मिति | ३२ अषाढ २०७९ | १६ जुलाई २०२२ |
| तुलनात्मक रिपोर्टिङ्ग अवधि | १ श्रावण २०७८-३२ अषाढ २०७९ | १६ जुलाई २०२१-१६ जुलाई २०२२ |
| NFRS वित्तिय अवस्थाको विवरणको मिति | ३१ अषाढ २०८० | १६ जुलाई २०२३ |
| NFRS रिपोर्टिङ्ग अवधि | १ श्रावण २०७८-३१ अषाढ २०८० | १७ जुलाई २०२२-१६ जुलाई २०२३ |

**४. प्रमुख लेखा नीतिहरु**

वित्तीय विवरणहरूको तयारीमा लागू हुने प्रमुख लेखा नीतिहरु तल दिइएको छ। यी नीतिहरु प्रस्तुत गरिएका सबै वर्षहरुमा अन्यथा नभने सम्म लगातार लागू गरिएका छन् ।

**४.१ मापनको आधार**

वित्तीय विवरणमा भएका निम्न वस्तुगत महत्वपूर्ण वस्तु बाहेक ऐतिहासिक मुल्यमा तयार पारिएको छ:

(१) वित्तीय सम्पत्ति र दायित्वलाई सुरूवाती लेखाङ्कन अनुरूप Fair Value मा मापन गरिएको छ। FVTPL PVTOCI वित्तीय उपकरणको त्यसपछिको लेखाकन Fair Value मा मापन गरिएको छ । लगानी सम्पत्ति Fair Value मा मापन गरिएको छ ।

(२) परिभाषित लाभ दायित्वहरूलाई वर्तमान मूल्यमा योजना सम्पत्ति घटाई देखाइएको छ र पहिचान नभएका बीमाङ्किक लाभलाई विगतको सेवा लागत र पहिचान नभएको बीमाङ्किय घाटा घटाई देखाइएको छ । वित्तीय विवरणहरू निरन्तरताको आधार (Going Concern) मा तयार पारिएका छन्, जहाँ लेखाका नीतिहरू मान्यताको आधारमा अनवरत रूपमा लागु गरिएका छन् । फरक भएको खण्डमा विशेष रूपमा खुलाइएको छ ।

४.२ **एकीकरणको आधार**

संघको नियन्त्रण रहने गरी कुनै संस्थामा लगानी नभएकोले वित्तीय विवरणको एकीकरणको आवश्यक रहेको छैन । संघले शेयरमा गरेको लगानीलाई नोट ५ मा प्रस्तुत गरिएको छ ।

४.३ **नगद तथा नगद समान**

नगद तथा नगद समान भन्नाले आफुसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम र गाभिने मिति भन्दा तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति भन्ने बुझिन्छ । संघले अल्पकालिन प्रतिबद्धता पुरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन गई नगन्य जोखिम भएको वित्तीय सम्पति नै नगद तथा नगद समान हो वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मुल्यमा राखिन्छ ।

४.४ **वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अर्न्तगत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

४.४.१ **वित्तीय सम्पत्तिको पहिचानको मिति**

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

४.४.२ **वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन**

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ ।

४.४.३ **वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

  उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :
- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

**क) परिशोधित मूल्य** (Amortized Cost) **मा मापन गरिएका वित्तीय सम्पत्ति**

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गीकरण गरी मापन गरिन्छ ।

**१.** Business Model **परिक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्धेश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षण**

सम्झौता गरिएको शर्त नामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk / सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त

दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिशोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मूल्यमा पुनरवर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**ख) बजार मूल्यमा** (Fair Value) **मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

**ग) अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति** (FVTOCI)

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गीकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

### ४.४.४ वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन

NFRS 9 " वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

**क) नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**ख)** Amortized Cost **मा मापन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**४.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

**४.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग**

**क) वित्तीय सम्पत्तिको निसर्ग**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संघको वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ:

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा
  यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**ख) वित्तीय दायित्वको निसर्ग**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**४.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण**

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ । यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (significantly) फरक पर्न सक्दछ ।

संघले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

स्तर-१:- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

स्तर-२:- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (ष्लउगतक) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर-३:- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (Significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

४.४.८ **वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

संघले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- खराब वित्तीय अवस्था
- सम्झौताका शर्तहरुको उल्लैन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

४.४.९ **नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**एकल ऋणको नोक्सानी व्यवस्था**

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छ:

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

**सामुहिक ऋण नोक्सानी व्यवस्था**

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "ल्भत Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'ल्भाबगति' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ ।

**पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था**

संघले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ । यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संघ तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित ब्याज दरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**NFRS 9 ( वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**
प्रस्तुत वित्तीय विवरण तयार गर्दा नोट ४ मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरुप, संघले कर्जा लगानीमा रु. ४२,८९७,७११ कर्जा नोक्सानी व्यवस्था गरेको छ जुन NFRS 9 को para 63 अनुसार रु. ३५,६८७,३३९ मात्र हुन आउँछ । जुन NFRS 9 को para 63 अनुसारको ऋण नोक्सानी व्यवस्था लेखाङ्कन गर्न आवश्यक LGD दर Past Trend अनुसार निकालिएको छ भने PD दरका लागि छुटै अनुसुची तयार गरिएको छ।

**४.४.१० प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी**
संघले आ‍ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortised Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

**४.४.११ Amortized Cost को मापन**
कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।
कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संघले समायोजित ब्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**४.५ लगानी सम्पत्ति (Investment Properties)**
NFRS- 16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS- ५ (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संघले गैर बैकिंङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुवैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ । संघले लगानी सम्पत्तिलाई NAS 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ ।

**४.६ सम्पत्ति तथा उपकरण**
सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संघको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संघले NAS 16 – “Property, Plant & Equipment” को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संघको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी नोट ८ मा प्रस्तुत गरिएको छ ।

**४.६.१ पहिचानको आधार**
संघलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संघले रु ५,०००/- सम्म मूल्य पर्ने सम्पत्तिहरुलाई पूजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ ।

**४.६.२ मापनको आधार**

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**४.७ लागत मोडल (Cost Model)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई “लागत Model” मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संघको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ

**४.७.१ पूनरमूल्याङ्कन Model**

संघले आृनो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पूनरमूल्याङ्कन Model अपनाएको छैन।

**४.८ निसर्ग (Derecognition)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**४.८.१ पुँजीकृत नगरिएका स्थिर सम्पत्ति**

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शिर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरुलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शिर्षकबाट स्थिर सम्पत्तिको लागतको रुपमा रकमान्तर गरि पूँजीकृत गरिन्छ ।

**४.८.२ ह्रासकट्टी**

संघले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति बाहेक, संघले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घट्दो ह्रासकट्टी प्रणाली (Written Down Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्डलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन गर्ने नीति अपनाइएको छ । संघका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| **विवरण** | **वर्ष** |
|---|---|
| भवन | वर्ष |
| फनिर्चर, फिक्सर तथा फर्निसिङ्ग | ५ देखि १० वर्ष |
| कम्प्यूटर तथा प्रिन्टर | ५ देखि ७ वर्ष |
| मेशीनरी | ५ देखि ७ वर्ष |
| कार्यालय सामान | ५ देखि १० वर्ष |
| लिज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सो मा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

**४.८.३ अनुमानमा परिवर्तन**

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

**४.९ साख तथा अभौतिक सम्पत्ति**

**लेखाङ्कन**

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखाङ्कन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन

अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाङ्कन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रुपमा पूँजीकरण गरिदैन ।

**४.१० साख (Goodwill)**

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संघ प्राप्तिको लागि तिरेको मूल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व (Non-Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्व को योगफलबाट उक्त प्राप्ति गर्न लागेको संघको खुद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ । साखलाई सो को लागत मूल्यबाट सो मा भएको सञ्चित क्षयिकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ । प्रस्तुत वित्तीय विवरणमा संघको एकिकरण गर्दाको अवस्थामा सिजृना भएको साख (Goodwill) रहेको छ ।

साख आवंटित गरिएको नगद उत्पादक इकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ ।

- वार्षिक अथवा
- हानीको कुनै संकेत भेटिएमा

साखको क्षयिकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक इकाईको प्राप्ति योग्य रकमसँग इकाईको किताबी मूल्यसँग तुलना गरी गर्ने गरिन्छ । यसरी तुलना गर्दा यदि इकाईको प्राप्ति योग्य रकम इकाईको किताबी मूल्य भन्दा बढि भएको अवस्थामा साखमा क्षयिकरणको पहिचान गरिछ । प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक इकाईको उचित मुल्य रहित लागत को निपटान (Fair Value less cost to sell) र उपयोग को मूल्य मध्ये जुन बढि हुन्छ त्यसलाई मान्ने गरिन्छ।

**४.१०.१ अभौतिक सम्पत्ति**

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि संघले NAS 38 को प्रावधानलाई अपनाएको छ । संघले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाङ्कन गर्ने गरेको छ:

- लागतको मापन गर्न सकिने भएको
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संघको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संघले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रुपमा लेखाङ्कन गरिएको छ ।

**४.१०.२ कम्प्युटर सफ्टवेयर**

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयिकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

**४.१०.३ अभौतिक सम्पत्तिको निसर्ग**

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**४.१०.४ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी**

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पूनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संघले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक समपत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा रखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर | ५ वर्ष |

**४.११ आयकर**

**४.११.१ चालु कर**

हालका कर सम्पतिहरू र दायित्वहरू तथा अघिल्ला वर्षहरूका बुझाउन बाँकी रहेका कर दायित्वहरू यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरू यस शीर्षकमा राखिन्छ । सम्बन्धित आर्थिक वर्षमा करको रूपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरू, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन् ।

**४.११.२ स्थगन कर**

स्थगन कर दायित्व विधि प्रयोग गरेर सम्पत्ति र दायित्वहरूको कर आधारहरू बीचको अस्थायी भिन्नताहरू र उनीहरूको लेनदेनको रकमलाई संघमा लागु हुने करको दर प्रयोग गरी रिपोर्टिङ्ग मितिमा निर्धारण गरिन्छ । भविष्यमा करयोग्य मुनाफा प्राप्त हुनेछ भन्ने मान्यताको आधारमा स्थगन कर सम्पत्तिहरूलाई मान्यता दिईन्छ । स्थगन कर सम्पतिलाई इक्विटीमा क्रेडिट गरिन्छ र सोही बमोजिम नाफा नोक्सान खातामा स्थगन नाफा वा नोक्सानको रूपमा लेखाङ्कन गरिन्छ ।

**४.१२ पट्टा दायित्व**

संघले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई नोट ११ अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वलाई नोट १४ मा देखाइएको छ ।

**पहिचान**

पट्टको प्रारम्भिक मितिमा संघले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । NFRS 16 अनुसार पट्टामा लिने संघले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

छुटको सुविधा लिन सकिने पट्टाहरु

- छोटो अवधि (१२ महिना भन्दा कम) वा
- अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

**प्रारम्भिक मापन**

**पट्टा दायित्वको मापन**

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई संघको कोषको लागतदरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।
संघले कोषको लागत १०.०९ प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ ।

**आर.ओ.यू सम्पत्ति**

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाङ्कन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् ।

- आर.ओ.यू सम्पत्ति= प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

**पछिको मापन (Subsequent Measurement)**

**आर.ओ.यू सम्पत्ति**

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संघले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाङ्कन गर्ने गरिएको छ ।

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुन: निर्धारित रकम

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- पट्टा दायित्वमा ब्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानी तथा पट्टा दायित्वको ब्याज खर्च विवरणको तल प्रस्तुत गरिएको छ । आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च तथा पट्टा दायित्वमा ब्याज खर्चलाई जोड गरि लिज खर्चका रुपमा नोट २४ मा देखाईएको छ।

| विवरण | आ.व. २०७८/२०७९ | आ.व. २०७९/२०८० |
|---|---|---|
| ROU को शुरु मौज्दात | ४,५०८,२८२.९५ | ४,६५१,४७५.०४ |
| यस वर्षको थप | १,६६६,७८७.९२ | - |
| ह्रासकट्टी | १,५२३,५९५.८३ | १,६६९,४३९.७७ |
| ROU को अन्तिम मौज्दात | ४,६५१,४७५.०४ | २,९८२,०३५.२७ |

| विवरण | आ.व. २०७८/२०७९ | आ.व. २०७९/२०८० |
|---|---|---|
| पट्टा दायित्वको शुरु मौज्दात | ५,२१५,८९५.१३ | ५,४०८,५८४.५ |
| यस वर्षको थप | १,६६६,७८७.९२ | - |
| वित्तीय (ब्याज) खर्च | ४८९,२३४.७८ | ४६६,८१६.२६ |
| भुक्तानी | -१,९६३,३३३.३३ | २,२०६,६६६.६७ |
| पट्टा दायित्वको अन्तिम मौज्दात | ५,४०८,५८४.५ | ३,६६८,७३४.०९ |

४.१३ **सम्भावित दायित्वहरु**

संघले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 – Provisions, Contingent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

४.१३.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संघको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

४.१३.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संघको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

४.१४ **आम्दानीको पहिचान**

अन्यथा उल्लेख भएकोमा बाहेक, संघले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

**४.१४.१ ब्याज आम्दानी**

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संघमा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ ।यसरी ब्याज आम्दानी जनाउँदा संघले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संघले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संघले आ.व २०७७/७८ मा रु ६५,५०५ र आ.व २०७८/७९ मा रु ३,११४,७४५ ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।

ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. नोट १७ मा प्रस्तुत गरिएको छ ।

**४.१४.२ शुल्क तथा अन्य आय**

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संघले बुँदा ३.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ । शुल्क तथा अन्य आय सम्बन्धी थप विवरण नोट १९ मा प्रस्तुत गरिएको छ ।

**४.१४.३ खुद संचालन आम्दानी**

खुद संचालन आम्दानीमा उचित सम्पति र सम्बन्धित ब्याज आम्दानी वा खर्च र लाभांशको हुने सबै नाफा र नोक्सानहरू समावेश हुन्छन् ।

**४.१४.४ अन्य सन्चालन आम्दानी**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाइदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । यस सम्बन्धी थप विवरण नोट २० मा प्रस्तुत गरिएको छ ।

**४.१४.५ लाभांश आम्दानी**

जब शेयरधनीको रूपमा संघले लाभांश प्राप्त गर्ने अधिकार स्थापित हुन्छ तब लाभांश आम्दानी पहिचान हुने गर्दछ जुन सामान्यतया शेयरधनीहरूले स्वीकृत गर्ने गर्दछन् । स्वदेशी संस्थाले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा कर कट्टी गरिए पश्चात बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ । संघले प्राप्त गरेको लाभांश आम्दानीको विवरण्ण नोट २१ मा प्रस्तुत गरिएको छ ।

**४.१४.६ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ ।

**४.१५ ब्याज खर्च**

सदस्यहरुको निक्षेप खाता, संघले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यस सम्बन्धी थप जानकारी नोट १८ मा प्रस्तुत गरिएको छ ।

**४.१६ कर्मचारी सुविधा**

कर्मचारी खर्चमा कर्मचारीले संघलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संघले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ । संघले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन्:

**४.१६.१ अल्पकालीन कर्मचारी खर्चहरु**

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात

गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ ।

**४.१६.२ कर्मचारी बोनस खर्च**

कर्मचारी बोनसको लागि सहकारी ऐन तथा नियमावली अनुसार कर पछिको नाफाबाट एन.एफ.आर.एस. जगेडा कोष, सहकारी प्रबर्द्धन कोष, संरक्षित पुँजी फिर्ता कोष छुट्टाए पश्चातको रकमलाई शत प्रतिशत मानि सो रकमको ७.५% प्रतिशत रकमको व्यवस्था गरिएको छ तर एक आ.व.मा बढिमा ३ महिनाको कर्मचारीको तलब भत्ता बराबरको रकममात्र कर्मचारीहरुलाई वितरण गर्ने नीति लिएको छ।

**४.१६.३ रोजगार पछिको सुविधा जस्तै:**

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)
- अन्य रोजगार पछिको लाभ जस्तै रोजगार पछिको जीवन विमा, रोजगार पछिको औषधोपचार सेवा

**४.१६.४ परिभाषित योगदान योजना**

NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संघले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संघलाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ । संघका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत हो, जसमा संघ र कर्मचारीले दुवै पूर्व निर्धारित दर अनुसार मासिक रूपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्छन् । संघका सम्पूर्ण स्थायी कर्मचारीहरूको लागि उपदान व्यवस्था गरिएको छ ।माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

**४.१६.५ परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ ।

**उपदान**

उपदान अन्तर्गतको कुल दायित्व निश्चित गर्नको लागि संघले प्रत्येक वर्षको अन्तमा संघको कर्मचारी विनियमावली बमोजिम मुल्याङ्कन गर्दछ।

**४.१६.६ अन्य दिर्घाकालिन कर्मचारी सुविधा**

**कर्मचारी बिदा वापतको खर्च**

(क) संघको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्:

सञ्चित हुने, र
सञ्चित नहुने ।

ग) संघले बिदा वापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछ:

सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा,

सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा ।

(घ) प्रत्येक वर्षको आषाढ मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको विदा मध्ये उपयोग नभई बाँकी रहेको विदा अवधिलाई संघको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो वापतको खर्च व्यवस्था गरिन्छ ।

ङ) विदा वापतको दायित्वको गणना गर्दा संघले अषाढ मसान्तमा संचित रहेको बिदालाई प्रति दिन तलब भत्ताले गुणान गरेको छ ।

संघले परिभाषित लाभ योजना तथा अन्य दिर्घाकालिन कर्मचारी सुविधाको मुल्याङ्कन किताबी मुल्यमा नै गरेको छ। संघले Acturial Valuation गरको छैन। बिमाङ्किय मूल्याङ्कनको असर भौतिक नहुने र त्यसको लाभ यस्तो विज्ञ मूल्याङ्कनमा लाग्ने लागतभन्दा बढी नहुने व्यवस्थापनको विश्वास छ।

**४.१७ विदेशी मुद्रा अनुवाद**

विदेशी मुद्रामा भएका कारोबारहरू कारोवार भएको मितिका प्रचलित सटही दरमा नेपाली मुद्रामा अनुवाद गरिन्छ। यस्तो लेनदेनको बन्दोवस्त तथा वर्षको अन्त्यमा गरिने अनुवादको परिणाम स्वरुप भएको विदेशी विनिमय लाभ र नोक्सानलाई अन्य समष्टिगत आयको विवरण मा पहिचान गरिने भन्दा बाहेक, नाफा नोक्सान हिसाब मा पहिचान गरिन्छ। Fair Value मा मापन गरिएको गैर मौद्रिक सम्पतिलाई Fair Value निर्धारण गरिएको मितिको सटही दरमा अनुवाद गरिन्छ ।

**४.१८ शेयर पुँजी र जगेडा कोष**

**४.१८.१ शेयर पुँजी**

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संघको कार्यक्षेत्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरीकहरु कम्तिमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संघको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Convertible Instrument आदि रहेको छैन । संघले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ ।

**४.१८.२ जगेडा तथा अन्य कोष**

कोष अन्तर्गत साधारण जगेडा कोष, सहकारी शिक्षा कोष, सहकारी विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, कर्मचारी बोनस, सामुदायिक विकास कोष, घाटापुर्ति कोष, NFRS समायोजन कोष, जोखिम व्यवस्थापन कोष पर्दछन् ।

**NFRS समायोजन कोष**

संघले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस NFRS समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संघले आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संघले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडाफाँड पछिको रकमको कम्तिमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

संरक्षित पुँजि फिर्ता कोषबाट सदस्यहरुलाई रकम वितरण गरे पश्चात उक्त कोषमा बाँकी भएको रकमलाई सहकारी नियमावली २०७५ को नियम २५ बमोजिम समेत यस कोषमा रकम जम्मा गरिन्छ । यो कोषबाट लाभांश वितरण गरिदैन ।

**संरक्षित पुँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संघले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ ।

**अन्य कोषहरु**

सहकारी ऐन २०७४ को व्यवस्था बमोजिम कर पछिको नाफाबाट NFRS समायोजन कोष, जगेडा कोष, सहकारी प्रबर्द्धन कोष, संरक्षित पुँजी फिर्ता कोष छुट्टाए पश्चातको रकमलाई शत प्रतिशत मानि अन्य कोषहरुमा देहाय बमोजिम नाफा बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

| | |
|---|---|
| कर्मचारी बोनस कोष | ७.५% |
| घाटापुर्ति कोष | ५% |
| सहकारी शिक्षा कोष | ७.५% |
| सामुदायिक विकास कोष | ५ % |
| जोखिम व्यवस्थापन कोष | ५ % |
| स्थिरिकरण कोष | ५ % |
| सहकारी विकास कोष | ५ % |

**४.१९ प्रतिशेयर आम्दानी**

संघले शेयरधनीहरूलाई बाड्न मिल्ने आम्दानीको आधारमा प्रतिशेयर आम्दानीको मापन गर्दछ । नेपाल लेखामान मापन ३३ बमोजिम निश्चित अवधिमा कायमा रहेका शेयरहरूको भारित औसत नम्बरलाई शेयर संख्याको रूपमा लिइन्छ । प्रतिशेयर आम्दानीको dilution चाहिने उपकरणहरू जस्तै, convertibles नभएकोले diluted प्रतिशेयर आम्दानीको गणना र प्रस्तुति गरिएको छैन ।

**४.२० क्षेत्रगत रिपोर्टिङ्ग**

संघको क्षेत्रगत रिपोर्टिङ्ग NFRS 8 Operating Segment अनुसार छ। क्षेत्रगत रिपोर्टिङ्ग संघको व्यवस्थापनलाई प्रदान गरिएको आन्तरिक रिपोर्टिङ्ग अनुसार नै रिपोर्टिङ्ग गरिएको छ जुन क्षेत्रगत रिपोर्टिङको श्रोतहरूको बाँडफाँड र कार्यसम्पादन मुल्याङ्कनको लागि जिम्मेवार छ । व्यापार क्षेत्रका सबै लेनदेन Arm's Length Basis मा गरिन्छन् र अन्तर इकाई, आम्दानी र खर्चहरू हेड अफिसमा हटाइन्छ । आम्दानी र खर्चहरू प्रत्यक्ष रूपमा Business Segment Performance संग सम्बन्धित हुन्छन । संघको व्यवस्थापनले निर्णय प्रक्रियाको लागि भौगोलिक क्षेत्रको आधारमा क्षेत्रहरू निर्धारण गरेको छ ।

यस संघको कुनै पनि Reportable Operating Segment छैन ।

**४.२१ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था**

संघले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ । उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ । नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ । यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ । एक बर्ष भन्दा कम अवधिको गैर वित्तीय सम्पत्तिको नोक्साननी व्यवस्था नगर्ने नीति अवलम्बन गरिएकोछ ।

**४.२२ नगद प्रवाह विवरण**

संघले नगद प्रवाहको विवरण NAS 07 – Statement of Cash Flows को Direct method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रण गरेको हुन्छ ।

प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ:

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

**४.२३ प्रस्तावित लाभांश**

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणा पछि संघको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

**४.२४ तुलनात्मक रकम**

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुन:वर्गीकरण गरिएका छन् ।

**४.२५ अन्तरिम वित्तिय रिपोर्टिङ्ग**

वित्तिय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरु आवश्यकता अनुसार प्रकाशित गरिएको छ तर संघले अघिल्लो वर्षका अन्तरिम रिपोर्टहरुका तथ्याङ्कहरुलाई NFRS अनुसार Restate भने गरेको छैन ।

**५. खुलासा तथा थप जानकारी**

**५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य**

**५.१.१ बजार मूल्य मापनको श्रेणीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ:

**श्रेणी १**

यस श्रेणीमा बजार मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन विना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बीच खरिद विक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्:

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य
- वित्तीय उपकरणहरुको बजार मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ

यदि कुनै वित्तीय उपकरणको बजार मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सो को बजार मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको बजार मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरि मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई बजार मूल्यको रुपमा लिईन्छ ।

**श्रेणी ३**

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रुपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value / Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ ।

**५.१.२ बजार मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरण**

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मूल्यमा लेखाङ्कन र प्रस्तुत गर्ने गरेको छ:

- अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएका लगानी

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचीकृत मूल्य उपलब्ध भएसम्म सो मूल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्याङ्कका आधारमा गरिन्छ ।

संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मूल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरु निम्न प्रकार रहेका छन्:

| विवरण | २०८० आषाढ मसान्त | २०७९ आषाढ मसान्त | २०७८ आषाढ मसान्त | श्रेणी |
|---|---|---|---|---|
| **इक्विटी उपकरणहरु** | | | | |
| सुचिकृत शेयर | - | - | - | श्रेणी १ |
| सुचिकृत नगरिएको शेयर | ९,३८८,३०० | ७,६४८,३०० | ७,६४७,५०० | श्रेणी ३ |
| **कुल लगानी** | **९,३८८,३००** | **७,६४८,३००** | **७,६४७,५००** | |

**५.१.३ सम्बन्धित पक्षहरुको विवरण**

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा संचालन सम्बन्धि निर्णयहरुलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरु सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरुमा सहायक कम्पनीहरु, सम्बद्ध कम्पनीहरु, संघका मुख्य शेयरधारकहरु, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरु र उनीहरुका नजिकका पारिवारिक सदस्यहरु पर्दछन् । संघले जसरी दुई असम्बन्धित पक्षहरु भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आनो सम्बन्धित पक्षहरुहरुसँग त्यस्तै शर्तहरुमा कारोवार गर्दछ ।

**५.१.४ संघका संचालकहरु र मुख्य व्यवस्थापकहरु**

संघको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 “Related Party Disclosures” अनुसार संघको गतिविधिहरु सम्बन्धि योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संघको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा

लिइन्छ । संघले यस परिभाषा अनुरुप संघको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरुलाई संघको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरुको रुपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८० मा संघको संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरु हुन् :

| सि.न. | नाम | पद |
|---|---|---|
| १ | रामहरि बजगाई | अध्यक्ष |
| २ | करुणारत्न बज्राचार्य | वरिष्ठ उपाध्यक्ष |
| ३ | लक्ष्मी शाक्य | उपाध्यक्ष |
| ४ | श्यामकृष्ण महर्जन | सचिव |
| ५ | बसन्त माली | कोषाध्यक्ष |
| ६ | सानुकाजी महर्जन | सदस्य |
| ७ | रमिला महर्जन | सदस्य |
| ८ | सरिता महर्जन अवाले | सदस्य |
| ९ | नवराज शिवाकोटी | सदस्य |
| १० | उर्मिला सापकोटा शाक्य | सदस्य |
| ११ | कृष्ण श्रेष्ठ | सदस्य |
| १२ | विनोद महर्जन | सदस्य |
| १३ | राजेन्द्र घिमिरे | सदस्य |
| १४ | देवेन्द्र श्रेष्ठ | सदस्य |
| १५ | राजकृष्ण महर्जन | सदस्य |
| १६ | सन्तोष बजगाई | व्यवस्थापक |
| १७ | भिम बहादुर खड्का | सह व्यवस्थापक |

क) संचालक समितिका सदस्यहरुको भत्ता तथा सुविधाहरु

संचालक समितिका सबै सदस्यहरु गैर कार्यकारी संचालक हुन् । आ.व. २०७९/९० मा गैर कार्यकारी संचालकहरुलाई कुनै पनि भत्ता तथा सुविधाहरुको दिइएको छैन।

ग) संचालक समितिका सदस्य आवद्ध सदस्य सहकारी संस्थाहरुसँगको कारोवार

| विवरण | रकम |
|---|---|
| आ.व. २०७९/८० निक्षेपमा प्रदान गरेको ब्याज | १२,४५५,७३६.६३ |
| आ.व. २०७९/८० ऋणमा असुल गरेको ब्याज तथा हर्जना | ११,२९०,५९७.८२ |
| अषाढ मसान्त २०८० मा रहेको निक्षेप | १०५,८१७,९७३.९० |
| अषाढ मसान्त २०८० मा कर्जा लगानी | ९५,२१४,०००.०० |

ख) संघका मुख्य व्यवस्थापकहरुलाई प्रदान गरिएको तलव तथा सुविधाहरु

आ.व. २०७९/८० मा व्यवस्थापकलाई प्रदान गरिएको तलव तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :

| तलब तथा सुविधाको प्रकृति | कुल रकम रु | कैफियत |
|---|---|---|
| अल्पकालिन सुविधा | २,२३८,१४०.०० | व्यवस्थापन तहका कर्मचारीको तलब, संचयकोष तथा भत्ता (व्यवस्थापन तहमा सहायक प्रवन्धक तह र सो भन्दा माथिका कर्मचारीहरु पर्दछन् ।) |
| सेवा अवधि पश्चातको सुविधा | ९९,३९०.९८ | उपदान |
| अन्य दिर्घकालिन कर्मचारी सुविधाहरु | १००,०८२.३३ | बिरामी बिदा र घर बिदा |

## ५.२ मर्जर तथा एक्विजिसन

सहकारीले आर्थिक वर्ष २०७९/८० मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन ।

## ५.३ कर्जा अपलेखन

आर्थिक वर्ष २०७९/८० मा संघको कुनै कर्जा अपलेखन भएको छैन र प्राप्य छैन।

५.४ **रिपोर्टिङ अवधि पछिका घटनाहरु**

रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बीचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरुलाई रिपोर्टिङ अवधि पछिका घटनाहरु भनिन्छ ।

रिपोर्टिङ अवधि पछिका घटनाहरुको लेखाङ्कन र रिपोर्टिङको लागि NAS-10 “Events after the Reporting Period” को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधि पछिका समायोजन हुने घटनाहरु**

रिपोर्टिङ अवधि पछि समायोजन गर्नुपर्ने घटनाहरु कुनै रहेको छैन ।

**रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटनाहरु**

आ.व. २०७९/८० को लागि चुक्ता पूँजीको १३ प्रतिशत नगद लाभांश, संरक्षित फिर्ता कोष रकम वितरण गर्न असोज ३, २०८० मा बसेको संचालक समितिको बैठकमा प्रस्ताव गरेको छ । नगद लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष शेयर लाभांश कोष र संरक्षित पूँजी फिर्ता कोषबाट बाँडिने छ ।

संघले माथि उल्लेख गरिएको प्रस्तावित नगद लाभांश लाई NAS 10 “Event After the Reporting Period” अनुसार रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटना मानेको हुनाले आ.व. २०७९/८० को वित्तीय विवरणमा उक्त घटनाहरुलाई समायोजन गरेको छैन । शेयरधनीहरुद्वारा साधरण सभामा लाभांशको प्रस्ताव पारित भए पश्चात् संघले उक्त लाभांशको समायोजन तथा लेखाङ्कन गर्नेछ ।

५.५ **लेखा विवरण प्रस्तुती :**

गत वर्षका रकम तथा शिर्षकहरुलाई आवश्यकता अनुसार पुनवर्गिकरण र पुन: तालिकिकरण गरिएको छ ।

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर

**२०८० साल आषाढ मसान्तको**

**नोट २**

**NFRS पहिलो पटक लागु गर्दा ( First time adoption of NFRS)**

यी वित्तीय विवरणहरु नेपाल इन्स्टिच्यूट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ नेपाल (ICAN) द्वारा जारी गरि लागू गरिएको Nepal Financial Reporting Standard (NFRS), को आधारमा श्रावण १, २०७८ को Transition मिति सहित, श्रावण १, २०७८ बाट तयार पारिएको छ । २०८० आषाढ मसान्तको, यी वित्तीय विवरणहरू एन.एफ.आर.एस अन्तर्गत पहिलो वित्तीय विवरण हो । ३१ आषाढ २०७९ अघिका वित्तीय विवरणहरु सहकारीले ३१ आषाढ २०७९ अघि लागु रहेको Nepal Accounting Standards (NAS) यस पछि 'Previous GAAP' भनेर चिनिनेछ) लेखामानलाई अनुशरण गरि तयार पारिएको थियो ।

NFRS अपनाउने काम NFRS 1 (NFRS पहिलो पटक लागु गर्दा), अनुसार गरिएको छ । NFRS १ ले सबै NFRS र व्याख्याहरु जुन पहिलो NFRS वित्तीय विवरणहरु तयार गर्नको लागी जारी र प्रभावकारी छन् प्रस्तुत सबै वित्तीय वर्षहरुको लागी Retrospectively र Consistently लागू गर्न आवश्यक छ । यसै आधारमा सहकारी संघले आषाढ ३१, २०७९ को तुलनात्मक जानकारी र श्रावण १, २०७८, NFRS मा रूपान्तरणको मितिको NFRS वासलात सहित आषाढ ३१, २०८० को लागि NFRS अनुपालन गरी वित्तीय विवरण तयार गरेको छ ।

यी NFRS वित्तीय विवरण तयार गर्दा, कोअपरेटिभले तल वर्णन गरिए अनुसार, NFRS १ मार्फत केही छुट र अपवादहरुको लाभ उठाएको छ । NFRS र अघिल्लो GAAP अन्तर्गत रूपान्तरण मितिमा वित्तीय विवरणहरूमा सम्पत्ति र दायित्वहरूको मुल्य बीचको भिन्नतालाई इक्विटीमा (संचित मुनाफा वा इक्विटीको अर्को उपयुक्त कोटी) प्रत्यक्ष लेखाङकन गरीएको छ । श्रावण १, २०७८ को वित्तीय स्थितिको विवरण र आषाढ ३१, २०७९ मा समाप्त भएको वित्तीय विवरण सहित यस नोटले संघले आफ्नो पहिलेको GAAP वित्तीय विवरणलाई पुन स्थापनामा गरेको समायोजनको बयान गर्दछ ।

**१. पूर्वव्यापी अनुप्रयोगबाट छुट**

NFRS 1 (NFRS पहिलो पटक लागु गर्दा) पहिलो पटक पालना गर्नेहरुलाई शुरुबाटै लगाउनुपर्ने केहि NFRS मा छुट दिन्छ । सहकारीले लिएको वैकल्पिक छुट तल उल्लेख छ ।

**क) सम्पत्ति, प्लाण्ट र उपकरण, अमूर्त सम्पत्तिको मानिएको लागत**

कोअपरेटिभले NFRS मा Transition को मितिमा यसको मानिएको लागतलाई अघिल्लो GAAP अनुसारको मुल्यमा सबै सम्पत्ति, प्लाण्ट र उपकरण, अमूर्त सम्पत्ति साथै प्रगतिमा रहेका सम्पत्ति, प्लाण्ट र उपकरण, अमूर्त सम्पत्तिलाई मापन गर्न छनौट गरेको छ।

**२. पूर्वव्यापी अनुप्रयोगबाट छुट**

कोअपरेटिभले NFRS 1 अन्तर्गत अनिवार्य रूपमा NFRS को शुरुबाटै लगाउनुपर्ने निम्न अपवादहरू लागू गरेको छ :

**क) अनुमान**

अघिल्लो GAAP अन्तर्गत वित्तीय विवरणहरुमा गरिएको अनुमानको आकलन गर्दा, कोअपरेटिभले NFRS अन्तर्गत अनुमानहरुलाई संशोधन गर्नु आवश्यक नभएको निष्कर्ष निकालेको छ किनकि ती अनुमानहरु गलत भएको कुनै प्रमाणित प्रमाण छैन । यद्यपि अनुमानहरू जुन NFRS अन्तर्गत आवाश्यक थियो तर अघिल्लो GAAP अन्तर्गत आवाश्यक थिएन कोअपरेटिभले सम्बन्धित रिपोर्टिङ मितिहरूको लागि उक्त मितिमा अवस्थित परिस्थितिहरू प्रतिबिम्बित गर्दछ ।

**ख) वित्तीय सम्पत्तीको वर्गीकरण र मापन**

अपलेखित लागत वा अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्यालुमा मापन गर्नुपर्ने वित्तीय सम्पत्तीको वर्गीकरण तथ्य र परिस्थितिहरूको आधारमा गरिन्छ जुन NFRS Transition मितिमा अवस्थित थियो ।

**ग) वित्तीय सम्पत्ति र दायित्वहरूलाई पहिचानबाट हटाइने (De-recognition)**
संघले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचानबाट हटाइने आवश्यकताहरू लागू गरेको छ ।

**३. NFRS मा रूपान्तरणका - रिकन्सिलेसन**
निम्न रिकन्सिलेसनले NFRS 1 बमोजिम अघिल्लो GAAP बाट NFRS मा रूपान्तरणबाट उत्पन्न भएको भिन्नताको स्पष्टीकरण र मात्रा प्रदान गर्दछ :

१. श्रावण १, २०७८ मा इक्विटीको रिकन्सिलेसन ।
२. आषाढ ३२, २०७९ मा इक्विटीको रिकन्सिलेसन ।
३. आषाढ ३२, २०७९ मा अन्त्य भएको नाफा वा नोक्सान र अन्य विस्तृत आम्दानीको रिकन्सिलेसन ।
४. नगद प्रवाह विवरणको समायोजन ।
५. इक्विटी र नाफा वा नोक्सान र अन्य विस्तृत आम्दानीमा GAAP बाट NFRS मा रूपान्तरणबाट उत्पन्न भएको भिन्नताको स्पष्टीकरण ।

संघको आषाढ ३२, २०७८ र आषाढ ३१, २०७७ को लेखा परीक्षित वित्तीय विवरणको आधारमा आवश्यक परेको खण्डमा, अघिल्लो GAAP को जानकारीलाई NFRS अनुसार पुनवर्गीकृत र पुनसमुहबद्ध गरिएको छ ।

**१. श्रावण १, २०७८ मा इक्विटीको रिकन्सिलेसन ।**

| | नोट | अघिल्लो GAAP को रकम | रिकन्सिलेसन | NFRS रकम |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद समान | | ७७१,५१९,१६८ | - | ७७१,५१९,१६८ |
| कर्जा तथा सापट | १ | १,१५७,१५५,१५६ | - | १,१५७,१५५,१५६ |
| लगानी | | ७,६४७,५०० | - | ७,६४७,५०० |
| चालू आयकर सम्पत्ति | | २,५६५,३९८ | - | २,५६५,३९८ |
| लगानी सम्पत्ति | | - | - | - |
| सम्पत्ति तथा उपकरण | | ६,०५०,०१६ | (७,९१९) | ६,०४२,०९७ |
| ख्याति र अमूर्त सम्पत्ति | | - | ७,९२० | ७,९२० |
| स्थगन कर सम्पत्ति | | - | १३०,४८७ | १३०,४८७ |
| अन्य सम्पत्ति | | ६०४,७८२ | ४,५०८,२८३ | ५,११३,०६५ |
| **कुल सम्पत्ति** | | **१,९४५,५४२,०२१** | **४,६३८,७७०** | **१,९५०,१८०,७९१** |
| **पुँजी** | | | | |
| शेयर पुँजी | | ६१,९६९,४०० | - | ६१,९६९,४०० |
| साधारण जगेडा कोष | | ३३,८७०,७३४ | - | ३३,८७०,७३४ |
| अन्य कोषहरु | २ | ३७,४२०,९०८ | (५७७,१२५) | ३६,८४३,७८२ |
| **कुल पुँजी** | | **१३३,२६१,०४१** | **(५७७,१२५)** | **१३२,६८३,९१६** |
| **दायित्व** | | | - | |
| बचत तथा निक्षेप | | १,८००,२७१,९११ | - | १,८००,२७१,९११ |
| बाह्य ऋण तथा सापटी | | - | - | - |
| चालू आयकर दायित्व | | - | - | - |
| स्थगन कर दायित्व | ३ | - | - | - |
| अन्य दायित्व | | १२,००९,०६९ | ५,२१५,८९५ | १७,२२४,९६४ |
| **कुल पुँजी तथा दायित्व** | | **१,९४५,५४२,०२१** | **४,६३८,७७०** | **१,९५०,१८०,७९१** |

२. आषाढ ३२, २०७९ मा इक्विटीको रिकन्सिलेसन ।

| | नोट | अघिल्लो GAAP को रकम | रिकन्सिलेसन | NFRS रकम |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद समान | | ३०९,०१४,९४९ | – | ३०९,०१४,९४९ |
| कर्जा तथा सापट | १ | १,१६४,१९६,६४५ | ३,६७६,८७२ | १,१६७,८७३,५१७ |
| लगानी | | ७,६४८,३०० | – | ७,६४८,३०० |
| चालू आयकर सम्पत्ति | | १,९९५,१५४ | – | १,९९५,१५४ |
| लगानी सम्पत्ति | | – | – | – |
| सम्पत्ति तथा उपकरण | | ७२,३४०,७३७ | – | ७२,३४०,७३७ |
| ख्याती र अमूर्त सम्पत्ति | | ५,९४० | – | ५,९४० |
| स्थगन कर सम्पत्ति | | – | – | – |
| अन्य सम्पत्ति | २ | १,५४८,२५१ | ५,५१०,६६६ | ७,०५८,९१७ |
| **कुल सम्पत्ति** | | **१,५५६,७४९,९७६** | **९,१८७,५३८** | **१,५६५,९३७,५१४** |
| | | | | |
| **पुँजी** | | | | |
| शेयर पुँजी | | ७५,०५२,२०० | – | ७५,०५२,२०० |
| साधारण जगेडा कोष | | ५३,४२४,६०५ | – | ५३,४२४,६०५ |
| अन्य कोषहरु | ३ | ४५,५५८,७८१ | ३,४५७,०८२ | ४९,०१५,८६४ |
| **कुल पुँजी** | | **१७४,०३५,५८६** | **३,४५७,०८२** | **१७७,४९२,६६८** |
| **दायित्व** | | | – | |
| बचत तथा निक्षेप | | १,३७४,०४६,०५८ | – | १,३७४,०४६,०५८ |
| बाह्य ऋण तथा सापटी | | – | – | – |
| चालू आयकर दायित्व | | – | – | – |
| स्थगन कर दायित्व | ४ | – | ३२१,८७२ | ३२१,८७२ |
| अन्य दायित्व | ५ | ८,६६८,३३२ | ५,४०८,५८४ | १४,०७६,९१७ |
| **कुल पुँजी तथा दायित्व** | | **१,५५६,७४९,९७६** | **९,१८७,५३८** | **१,५६५,९३७,५१४** |

३. आषाढ ३२, २०७९ मा अन्त्य भएको नाफा वा नोक्सान र अन्य विस्तृत आम्दानीको रिकन्सिलेसन ।

| | नोट | अघिल्लो GAAP को रकम | रिकन्सिलेसन | NFRS रकम |
|---|---|---|---|---|
| ब्याज आम्दानी | ६ | १७५,६३५,१०९ | ४,५८०,२१९ | १८०,२१५,३२८ |
| ब्याज खर्च | | १०५,८६८,३६५ | – | १०५,८६८,३६५ |
| **खुद ब्याज आम्दानी** | | **६९,७६६,७४४** | **४,५८०,२१९** | **७४,३४६,९६३** |
| शूल्क तथा अन्य आम्दानी | | ६,४७०,०५३ | – | ६,४७०,०५३ |
| शूल्क तथा अन्य खर्च | | – | – | – |
| **खुद शूल्क तथा अन्य आम्दानी** | | **६,४७०,०५३** | **–** | **६,४७०,०५३** |
| अन्य संचालन आम्दानी | | – | – | – |
| **कुल संचालन आम्दानी** | | **७६,२३६,७९७** | **४,५८०,२१९** | **८०,८१७,०१६** |
| कर्जा तथा अन्य सम्पत्तिमा हानी/नोक्सानीको व्यवस्था/फिर्ता) | | १३,७१४,३८१ | – | १३,७१४,३८१ |
| **खुद व्यापारिक आम्दानी** | | **६२,५२२,४१७** | ४,५८०,२१९ | **६७,१०२,६३५** |
| **व्यापारिक खर्च** | | **१८,७६४,८८६** | **९३,६५३** | **१८,८५८,५४०** |
| कर्मचारी खर्च | ७ | ७,८०५,१०६ | ४४,१५६ | ७,८४९,२६२ |
| अन्य संचालन खर्च | ८ | ९,८८०,८७७ | ४९,४९७ | ९,९३०,३७४ |
| मूल्यह्रास र परिषोधन | | १,०७८,९०३ | – | १,०७८,९०३ |
| **संचालन मुनाफा** | | **४३,७५७,५३०** | **४,४८६,५६५** | **४९,९१५,३७९** |
| गैर संचालन आम्दानी | | १,६७१,२८३ | – | १,६७१,२८३ |
| गैर संचालन खर्च | | – | – | – |
| **आयकर अघिको मुनाफा** | | **४५,४२८,८१३** | **४,४८६,५६५** | **५१,५८६,६६२** |
| **आयकर खर्च र (आम्दानी)** | | | | |
| चालु आयकर | | ४,३८४,४२३ | – | ४,३८४,४२३ |
| **विगत वर्षसम्मको कर व्यवस्था** | | ३१,७३० | – | ३१,७३० |
| स्थगन कर | | – | ४५२,३५८ | ४५२,३५८ |
| **यस वर्षको मुनाफा** | | **४१,०१२,६६०** | **४,४८६,५६५** | **४५,९८३,३१४** |
| **अन्य विस्तृत आम्दानी :** | | | | |
| **अन्य विस्तृत आम्दानी अर्को अवधिमा नाफा वा नोक्सानमा पुनः वर्गीकृत गर्नु नहुने** | | | | |
| १. पोष्ट रोजगार परिभाषित लाभ योजनाहरूमा (घाटा)/लाभको पूनमापन | | – | – | – |
| २. अन्य विस्तृत आम्दानी मार्फत इक्विटी | | – | – | – |
| **कुल अन्य विस्तृत आम्दानी** | | **४१,०१२,६६०** | **४,९७०,६५४** | **४५,९८३,३१४** |

४. आषाढ ३२, २०७९ नगद प्रवाह विवरणको रिकन्सिलेसन ।

| | अघिल्लो GAAP को रकम | रिकन्सिलेसन | NFRS रकम |
|---|---|---|---|
| (क) कारोबार सञ्चालन बाट नगद प्रवाह | (३९४,८८९,७४१) | - | (३९४,८८९,७४१) |
| (ख) लगानी कारोबारमा नगद प्रवाह | (६७,३७६,३६३) | - | (६७,३७६,३६३) |
| (ग) बित्तीय श्रोत कारोबारबाट नगद प्रवाह | (२३८,११५) | - | (२३८,११५) |
| सम्पूर्ण गतिबिधिबाट नगद प्रवाह | (४६२,५०४,२१८) | - | (४६२,५०४,२१८) |
| नगद तथा बैंकमा रहेको शूरु मौज्दात | ७७१,५१९,१६८ | - | ७७१,५१९,१६८ |
| नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ३०९,०१४,९४९ | - | ३०९,०१४,९४९ |

५. इक्विटी र नाफा वा नोक्सान र अन्य विस्तृत आम्दानीमा GAAP बाट NFRS मा रूपान्तरणबाट उत्पन्न भएको भिन्नताको स्पष्टीकरण ।

| स.न | भिन्नता उत्पन्न भएको | नोट | भिन्नताको स्पष्टीकरण |
|---|---|---|---|
| १. | ग्राहकलाई कर्जा तथा सापट | १. | असल र शंकास्पद कर्जा सापटमा असूल गर्न बांकी ब्याज रकम ग्राहकलाई कर्जा तथा सापटमा जोड्दा उत्पन्न भएको भिन्नता । |
| २. | अन्य सम्पत्ति | | ROU सम्पत्ति तथा स्थगन कर्मचारी खर्च लेखाङ्कन गरिएको |
| ३. | अन्य कोषहरु | २. | असल र शंकास्पद कर्जा सापटमा असूल गर्न बांकी ब्याज रकम ब्याज आम्दानीमा जोडेर त्यसमा उत्पन्न हुने स्थगन कर दायित्व घटाउदा जोड्दा उत्पन्न भएको भिन्नता । |
| ४ | स्थगन कर दायित्व/सम्पत्ति | ३. | असल र शंकास्पद कर्जा सापटमा असूल गर्न बांकी ब्याज रकम ब्याज आम्दानीमा जोडेर त्यसमा उत्पन्न हुने स्थगन कर दायित्व एवम् कर्मचारी बिदा तथा उपदान कोष, स्थिर सम्पत्ति र च्इए सम्पत्तिबाट उत्पन्न हुने स्थगन कर सम्पत्ति तथा दायित्व। |
| ५ | अन्य दायित्व | | लिज दायित्व लेखाङ्कन गरिएको |
| ६. | ब्याज आम्दानी | ४. | असल र शंकास्पद कर्जा सापटमा असूल गर्न बांकी ब्याज रकम ब्याज आम्दानीमा जोडेर उत्पन्न भएको भिन्नता । |
| ७ | कर्मचारी खर्च | | NFRS अनुसारको ब्याज खर्च जोड गरिएको |
| ८ | अन्य संचालन खर्च | | NFRS अनुसारको लिज खर्च लेखाङ्कन गरि घर भाडा हटाइएको |

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर

## प्रमूख सूचकाङ्कहरु

२०८० साल आषाढ मसान्तको

२७

| विवरण | सुचाङ्क | चालू आ.ब. |
|---|---|---|
| १. खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | १०.९५% |
| २. प्रतिशेयर खुद वचत | रु. | २३.५९ |
| ३. शेयर पुंजीमा लाभांश | प्रतिशत | १५.००% |
| ४. ब्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १३.९७% |
| ५. कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ५०.२५% |
| ६. कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | ९.३२% |
| ७. कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १५.१३% |
| ८. खुद नाफा/कर्जा सापट | प्रतिशत | १.५७% |
| ९. खुद नाफा/कुल सम्पत्ति | अनूपात | १.२१% |
| १०. कुल कर्जा/निक्षेप | प्रतिशत | १०७.१८% |
| ११. कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | १.२३% |
| १२. तरलता | अनूपात | २३.८४% |
| १३. निष्क्रिय कर्जा कुल कर्जा | प्रतिशत | ३.१०% |
| १४. बुक नेटवर्थ प्रति शेयर | रु. | २३७.७१ |
| १५. कुल शेयर | संख्या | ७४८४५९ |
| १६. कुल कर्मचारी | संख्या | १३ |

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर

## पर्ल्स विश्लेषण

२०८० साल आषाढ मसान्तको

२८

| सुचकाङ्क | पर्ल्स मापनका क्षेत्र | लक्ष्य | यस आ.व.को स्थिति | गत आ.व.को स्थिति |
|---|---|---|---|---|
| **P (सुरक्षण)** | | | | |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋण | १००% | १००.००% | १००.००% |
| P2 | १ देखि १२ महिना भाखा नाघेको ऋण | ३५% | ३५.००% | ३५.००% |
| P3 | कुल लगानीमा रहेको कर्जाको लागी | १% | १.००% | १.००% |
| **E (प्रभावकारी वित्तीय संरचना)** | | | | |
| E1 | शुद्ध ऋण लगानी | ७०-८० % | ७६.२७% | ७४.५८% |
| E5 | वचत निक्षेप | ७०-८० % | ७२.९५% | ८७.७५% |
| E6 | बाह्य ऋण | बढिमा ५ % | १३.०३% | ०.००% |
| E7 | शेयर पुँजी | बढिमा २० % | ७.५९% | ५.४६% |
| E8 | संस्थागत पुँजी | कम्तिमा १० % | १०.४५% | ७.४६% |
| E9 | शुद्ध संस्थागत पुँजी | कम्तिमा १० % | १३.८८% | ९.३५% |
| **A (सम्पत्तीको गुणस्तर)** | | | | |
| A1 | भाखा नाघेको ऋण | <= ५ % | ३.९३% | १.७४% |
| A2 | आय आर्जन नगर्ने सम्पत्ती | <= ५ % | ६.१६% | ५.६०% |
| **R (लगानीमा प्रतिफल)** | | | | |
| R7 | लाभांश/औसत शेयर पुँजी | औसत व्याज भन्दा बढि | १५.००% | १५.००% |
| R9 | सञ्चालन खर्च/औसत कुल सम्पत्ती | <= ५ % | १.२३% | १.०७% |
| **L (तरलता)** | | | | |
| L2 | तरल मौज्दात जगेडा /कुल वचत | कम्तिमा १० % | २३.८४% | २२.४९% |
| **S (वृद्धीको संकेत)** | | | | |
| S10 | सदस्यता वृद्धी | कम्तिमा १५ % | १.४६% | -८.५६% |
| S11 | कुल सम्पत्तीमा वृद्धी | मुद्रास्फिती दर भन्दा १० % बढि | -१३.६५% | -१९.७०% |

# वागमती प्रदेश भित्रका मालपोत कार्यालयहरुलाई धितो दृष्टिबन्धक शुल्क नलिन भूमि व्यवस्थापन तथा अभिलेख विभागको निर्देशन

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स नं. ५३३०५८५
महानिर्देशक: ५३२३०४९
निर्देशक प्रशासन:- ५३२५९८२
निर्देशक योजना:- ५३२६९८८
क.प्र.शाखा:- ५३६६४९३
आ.प्र.शाखा:- ५३६६४९३
पिए Ext.:- ५३२००२८

पत्र संख्या:- २०८०/०८१/ज.प्र.१६/१ 1330
चलानी नं.:- ११२२

बबरमहल, काठमाण्डौ
नेपाल ।

मितिः-२०८०/०७/१९

विषयः- अन्तरिम आदेश कार्यान्वयन सम्बन्धमा।

श्री भूमिसुधार तथा मालपोत कार्यालय, सबै।
श्री मालपोत कार्यालय,सबै।
(वागमती प्रदेश) अन्तर्गत

उपरोक्त सम्बन्धमा रिट निवेदक डम्बरप्रसाद शिवाकोटी र विपक्षी आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश समेत भएको उत्प्रेषण समेतको मुद्दा (मुद्दा नं.०८०-WC-०००७) मा सर्वोच्च अदालत, संवैधानिक इजलासबाट मिति २०८०/०५/०६ मा प्रस्तुत निवेदनको अन्तिम किनारा नभए सम्म सहकारीको लिखत रजिष्ट्रेशन गर्दा सहकारी ऐन, २०७४ को व्यवस्था अनुसार शुल्क लिने कार्य नगर्नु, नगराउनु" भनी प्रत्यर्थीहरुको नाममा अन्तरिम आदेश जारी भएकोले उक्त आदेश कार्यान्वयनको लागि बागमती प्रदेश भित्रका मालपोत कार्यालय/भूमिसुधार तथा मालपोत कार्यालयहरुलाई जानकारी गराइदिनु हुन भनी बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौडा नेपालको च.नं.१९५ मिति २०८०/०६/१५ को पत्रबाट लेखिआएको हुँदा सोही बमोजिम गर्न/गराउनुहुन प्राप्त पत्र र उत्प्रेषणको आदेश यसैसाथ संलग्न राखी तहाँ कार्यालयको इमेल ठेगानामा पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः-
श्री बागमती प्रदेश सरकार,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
हेटौडा,नेपाल ।

२०८०/७/१९
(रोशनशङ्कर घिमिरे)
निर्देशक

सहकारी संस्थाहरूको लागि आवश्यक पर्ने बचत खाता, ऋण खाता, तमसुक, पासबुक भौचर, ऋण तथा सदस्यता फाराम लगायत सम्पूर्ण सहकारी सम्बन्धी खाताहरू छुट सहित उपलब्ध छ ।

**ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**
प्रधान कार्यालय: ललितपुर महानगरपालिका-५, लगनखेल, ललितपुर, फोन नं.: ०१-५५५३००१, ५५५३००७
सेवा केन्द्र: गोदावरी नगरपालिका-३, टौखेल, ललितपुर, फोन नं.: ०१-५५६०३२२

## संघमा आवद्ध संस्थाहरूले कर्जा मागका लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

१. संस्थाको ऋण माग उल्लेख गरी बचत संघलाई लेखिएको पत्र । (संघको नमुना बमोजिम)
२. ऋण माग गर्ने संस्थाको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी । (संघको नमुना बमोजिम)
३. कर्जा माग आबेदन फाराम ।
४. माग गरिएको कर्जा के काममा प्रयोग हुने हो सोको कार्यक्रम/योजना/परियोजना/स्किम ।
५. अघिल्लो महिना अन्त्यको हिसाब परीक्षण सूची, वासलात र नाफा/नोक्सान विवरण ।
६. संस्थाले कर्जा लगानी गरेको भए त्यसको विस्तृत विवरण (कर्जा लगानी विवरण) Including Excel format
७. अन्य बैंक/वित्तीय संस्था/कोषसंग कर्जा कारोवार गरेको भए त्यसको विवरण (Statement)
८. संस्थाको लङ्गफर्म प्रतिबेदन
९. पछिल्लो ३ वर्षको लेखापरीक्षण प्रतिवेदन (नयाँ संस्थाको हकमा कम्तिमा १ वर्षको लेखापरीक्षण प्रतिवेदन) UDIN No. सहित
१०. संचालक समिति पदाधिकारीहरूको स्वःघोषणापत्र । (संघको नमुना बमोजिम)
११. संचालक समिति पदाधिकारीहरूको Networth विवरण । (संघको नमुना बमोजिम)
१२. संचालक समितिका पदाधिकारीहरूको तिनपूस्ते विवरण, नागरिकताको विवरण र हालैसालै खिचेको फोटो १ प्रति ।
१३. संचालक समितिका पदाधिकारीहरूको स्वःप्रमाणित गरेको नागरिकता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपी ।
१४. संस्थाको पछिल्लो साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपी ।
१५. संस्थाको निर्वाचान भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपी ।
१६. संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
१७. संस्था व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
१८. स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रतिलिपी ।
१९. ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. सँग शेयर लिएको शेयर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
२०. पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
२१. संस्था बहालमा बसेको भए घर बहाल सम्झौताको प्रमाणित प्रतिलिपी ।
२२. पारित विनियम र संशोधित विनियमको प्रमाणित प्रतिलिपी (जसमा संघ तथा बित्तिय सस्थासंग कर्जा लिन मिल्ने प्रावधान समेत उल्लेख भएको हुनुपर्ने)
२३. संस्थाको निक्षेप, कर्जा, प्रशासन, आर्थिक वा अन्य नियमावली/कार्यविधिहरू भए सो को प्रमाणित प्रतिलिपी ।
२४. संघको नुमना बमोजिमका कागजातहरू जस्तै कर्जा स्वीकृत बारे, मन्जुरीनामा, व्यक्तिगत तथा धनजमानी लिखत, प्रतिज्ञा पत्र, धितो निरीक्षण मुल्याङ्कन प्रतिवेदन, कबुलियतनामा, खाताबाट रकम कट्टी गर्न दिइएको अख्तियारीनामा आदि ।
२५. संघले आवश्यक ठानेको अन्य कागजातहरू ।
२६. **धितो सम्बन्धी कागजातहरु**
   - जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा)
   - एरिया नक्सा । (आवश्यकता अनुसार प्लट रजिष्ट्ररको उतार पनि माग गर्न सकिने ।)
   - ट्रेस उतार नक्सा
   - चार किल्ला प्रमाणित
   - तिरो तिरेको रसिद
   - घर/जग्गा प्राप्ति गर्दाको लिखत (जस्तैः रजिष्ट्रेशन (१ वर्ष ३५ दिन नकटेको हकमा) वा वकस पत्र (२ वर्ष ३५ दिन नकटेको हकमा) वा अंशवण्डा/छोड पत्र (३ महिना नकटेको हकमा दाखिला खारेज वा प्राप्तीको प्रमाण) को प्रतिलिपी
   - प्रस्तावित धितोमा घर धितो रहने भए आवश्यकता अनुसार सम्बन्धित निकायबाट प्राप्त घर निर्माण स्वीकृति-पत्र, घरको नक्सा, निर्माण सम्पन्न प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
   - संचालक/संचालकको एकाघर परिवार/शेयर सदस्यको धितो भएमा (स्थानीय निकायको नाता प्रमाणित गर्ने कागजात) ऋण माग गर्ने संस्थाबाट जारी गरिएको शेयर प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रमाणित प्रतिलिपि, हालसालै खिचेको फोटो-२ प्रति, स्वःघोषणा, मन्जुरीनामा र हकवालाहरू/अंशियारहरू भएमा मन्जुरीनामा अनिवार्य

# सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

**तल उल्लेखित सहकारी सिद्धन्तहरू अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी संस्थाहरूले आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्नमा लागि प्रतिपादन गरेका मार्गदर्शनहरू हुन् ।**

(१) स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)

(२) सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)

(३) सदस्यहरूको आर्थिक सहभागिता (Member Economic Participation)

(४) स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence)

(५) शिक्षा, तालिम र सूचना (Education, Training & Information)

(६) सहकारी संस्थाहरू बीच पारस्परिक सहयोग (Co-operation among Co-operative)

(७) समुदाय प्रति चासो (Concern for Community)

## बचत तथा ऋण सहकारी सञ्चालनका १० सिद्धान्त (WOCCU INTERNATIONAL OPERATION PRINCIPLES)

### (क) सहकारी संरचना (Cooperative Structure)

(१) सदस्यको स्वामित्व (Member Owned)

(२) सदस्यद्वारा नियन्त्रण (Member Controlled)

(३) प्रजातान्त्रिक नियन्त्रण (Democratic Control)

### (ख) सदस्यलाई सेवा (Service to Members)

(४) वित्तीय समावेशीकरण (Finanical Inclusion)

(५) वित्तीय दीगोपना (स्थायित्व) (Financial Sustainability)

(६) सदस्यको आर्थिक लाभमा वृद्धि (Maximizing Member Economic Benefit)

### (ग) सामाजिक उत्तरदायित्व (Social Responsibility)

(७) वित्तीय साक्षरता (Financial Literacy)

(८) सञ्जाल सहकार्य (Network Co-operation)

(९) सामाजिक उत्तरदायित्व (Community Responsibility)

(१०) विश्वव्यापी परिकल्पना (Global Vision)

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले निम्नानुसारका तालिमहरूको आयोजना गरीरहेको व्यहोराको जानकारी गराउँदछौं ।

१) सहकारी अभिमुखिकरण तालिम
२) आधारभूत सहकारी शिक्षा तालिम
३) सहकारी लेखा व्यवस्थापन तालिम
४) कर्जा व्यवस्थापन तालिम
५) सहकारी व्यवस्थापन तथा नेतृत्व सीप तालिम
६) पर्ल्स अनुपात विश्लेषण तालिम
७) रणनीतिक योजना तर्जुमा तालिम
८) व्यवस्थापकीय क्षमता अभिवृद्धि तालिम
९) लेखा सुपरीवेक्षण समिति क्षमता अभिवृद्धि तालिम
१०) थ्रि पि (3P) तालिम
११) एड्भान्स लेखा व्यवस्थापन तालिम
१२) बजार प्रतिनिधि क्षमता अभिवृद्धि तालिम
१३) वार्षिक योजना तथा बजेट निर्माण तालिम
१४) सहकारीमा कर्जा सम्बन्धी कानुनी समस्या तालिम
१५) सहकारीमा कर तालिम
१६) सम्पत्ती शुद्धीकरण निवारण तालिम
१७) सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम
१८) कोपोमिस तालिम

**ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**

प्रधान कार्यालयः ललितपुर महानगरपालिका-५, लगनखेल, ललितपुर, फोन नं.: ०१-५५५३००१, ५५५३००७
सेवा केन्द्रः गोदावरी नगरपालिका-३, टौखेल, ललितपुर, फोन नं.: ०१-५५६०३२२

# संघमा आवद्धताको लागि आवश्यक कागजातहरू

(१) संघले उपलब्ध गराएको फर्म
(२) आधिकारीक पत्र
(३) सदस्यता लिने निर्णयको प्रतिलिपि
(४) संस्थाको विनियमको प्रतिलिपि
(५) सञ्चालक समितिका सदस्यहरूको नागरिकताको प्रतिलिपि
(६) संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि
(७) प्यान प्रमाणपत्रको प्रतिलिपि
(८) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
(९) संस्थाको अद्यावधिक गरिएको अडिट रिपोर्ट
(१०) शेयर रकम न्यूनतम रू. ११,०००।-
(११) प्रवेश शुल्क रू. ५००।-
(१२) मासिक बचत
१ करोड सम्म कारोबारको लागि रू. ५००।- प्रति महिना
१ करोड भन्दा माथि कारोबारको लागि रू. २,०००।- प्रति महिना

## बैंक कि सहकारी ?

- सामाजिक जीवनमा साथ दिन्छ त्यसैले सहकारी
- ब्याजदर उपयुक्त हुन्छ त्यसैले सहकारी
- विभिन्न कोषको व्यवस्था हुन्छ त्यसैले सहकारी
- आवश्यक पर्दा ऋण पाइन्छ त्यसैले सहकारी
- प्रक्रिया सहज हुन्छ त्यसैले सहकारी
- बैंकमा जम्मा गर्दा बचत मार्फत हुने फाइदाको लाभांश बैंक संचालकले पाउँछ तर सहकारीमा सबै सदस्यले त्यसैले सहकारी

## केही जानकारी . . .

- PEARLS को पूरा रुप Protection, Effective Financial Structure, Assets Quality, Rate of Return, Liquidity and Sign of Growth.
- ICA को पूरा रुप International Cooperative Alliance
- ACCU को पूरा रुप Asian Confederation of Credit Union
- WOCCU को पूरा रुप World Council of Credit Union
- NCF Nepal को पूरा रुप National Cooperative Federation Nepal
- RUPEES को पूरा रुप Risk Management, Utilization and Source of Capital, Provision of liquidity assets, Efficiency of operation, Equity and stability and Sign of Growth
- NFRS को पूरा रुप Nepal Financial Reporting Standards

# भावपूर्ण श्रद्धाञ्जली



## स्व. जोगरत्न बज्राचार्य

(जन्मः १९९६ आश्विन ७ - स्वर्गारोहणः २०७९ माघ १९)

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का वरिष्ठ उपाध्यक्ष एवं रत्नाकार साकोसका अध्यक्ष श्री करुणारत्न बज्राचार्यज्यूका पिता **जोगरत्न बज्राचार्य** को मिति २०७९ माघ १९ गते ८३ वर्षको उमेरमा असामायिक निधन भएकोमा ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ परिवार मर्माहित भएका छौं ।

यस दुःखद घडीमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दै भावपूर्ण समवेदना अर्पण गर्दछौं ।

**रामहरि बजगाई**
अध्यक्ष
एवं

**ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ परिवार**

# संघमा गठित उप-समितिहरू

### शिक्षा तालिम उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | रत्नाकर साकोस | करुणारत्न बज्राचार्य | संयोजक |
| २ | क्वयना गणेद्यः साकोस | कदमलाल महर्जन | सह-संयोजक |

### व्यवसाय प्रर्वद्धन उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | पद्मावती साकोस | लक्ष्मी शाक्य | संयोजक |
| २ | थ्याका साकोस | उज्वला शाक्य | सह-संयोजक |

### सूचना प्रकाशन उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | लेखापढी साकोस | श्यामकृष्ण महर्जन | संयोजक |
| २ | बडिखेल साकोस | बालमुकुन्द आचार्य | सह-संयोजक |

### कर्जा लगानी तथा असूली उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | नवदुर्गा साकोस | वसन्त माली | संयोजक |
| २ | इमेज साकोस | राजेन्द्र घिमिरे | सह-संयोजक |

### ललितपुर महानगरपालिका समन्वय उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | ग्रिन हाउस साकोस | सानुकाजी महर्जन | संयोजक |
| २ | अष्टमातृका साकोस | पूर्ण बहादुर महर्जन | सह-संयोजक |

### महिला उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | अनमोल साकोस | सरिता अवाले | संयोजक |
| २ | क्रिष्टल साकोस | रमिला मर्हजन | सह-संयोजक |

### युवा उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | फण्ड्स साकोस | नवराज सिवाकोटी | संयोजक |
| २ | युपग्राम साकोस | राजेन्द्र के.सी. | सह-संयोजक |

### महालक्ष्मी नगरपालिका समन्वय उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | स्वाबलम्बी साकोस | कृष्ण श्रेष्ठ | संयोजक |
| २ | कञ्चनजंघा साकोस | राजाराम कोइराला | सह-संयोजक |

### अनुगमन तथा एकीकरण उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | लूजः साकोस | उर्मिला सापकोटा शाक्य | संयोजक |
| २ | ब्रम्हपुरी साकोस | रामशरण घिमिरे | सह-संयोजक |

### टौखेल सेवा केन्द्र व्यवस्थापन उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | श्रीमाई बज्रवाराही साकोस | देवेन्द्र श्रेष्ठ | संयोजक |
| २ | सप्तरंगी साकोस | सुनन्द घिमिरे | सह-संयोजक |

### गोदावरी, महाङ्काल, कोञ्ज्योसोम र बागमती समन्वय उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | श्रीमाई साकोस | देवेन्द्र श्रेष्ठ | संयोजक |
| २ | कल्चर साकोस | तिलकुमारी रायमाझी | सह-संयोजक |

### अध्ययन अवलोकन उपसमिति

| क्र.सं. | साकोस | नाम | पद |
|---|---|---|---|
| १ | पुमोरी साकोस | राजकृष्ण महर्जन | संयोजक |
| २ | एड्भान्स साकोस | श्यामकृष्ण सापकोटा | सह-संयोजक |

## नोट तथा टिपोर्ट

## नोट तथा टिपोर्ट

# २८औं वार्षिक साधारण सभामा विभिन्न विधामा सम्मान



प्रमुख अतिथि मिनराज कंडेलबाट समुद्घाटन



संघको सदस्य सहकारी संस्थाका प्रतिनिधिज्यूहरू



महालक्ष्मी न.पा. को तर्फबाट सम्मान ग्रहण गर्दै
आधारशिला साकोस



उत्कृष्ट सहकारी व्यवसाय सम्मान ग्रहण गर्दै
दिपावती साकोस



उत्कृष्ट सहकारी व्यवसाय सम्मान ग्रहण गर्दै
नवरत्न साकोस



महाङ्काल गा.पा. को तर्फबाट सम्मान ग्रहण गर्दै
एकता साकोस



संघसँग नियमित कारोबारको विधाबाट उत्कृष्ट सहकारी व्यवसाय
सम्मान ग्रहण गर्दै हाम्रो साकोस



बागमती गा.पा. को तर्फबाट सम्मान ग्रहण गर्दै
जोशिलो महिला साकोस

## २८औं वार्षिक साधारण सभामा विभिन्न विधामा सम्मान



संघको २८ औं वार्षिक साधारण सभाबाट नवनिर्वाचित सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको सामुहिक तस्बीर



उत्कृष्ट सहकारी व्यवसाय सम्मान ग्रहण गर्दै
ज्योतीपुञ्ज साकोस



ललितपुर म.न.पा. को तर्फबाट सम्मान ग्रहण गर्दै
कार्यविनायक साकोस



कोन्ज्योसोम गा.पा. को तर्फबाट सम्मान ग्रहण गर्दै
कोन्ज्योसोम महिला साकोस



उत्कृष्ट सहकारी व्यवसाय सम्मान ग्रहण गर्दै
प्रयाग साकोस



गोदावरी न.पा. को तर्फबाट सम्मान ग्रहण गर्दै
सरस्वती महिला साकोस



उत्कृष्ट सहकारी व्यवसाय सम्मान ग्रहण गर्दै
शिक्षकहित साकोस

## तस्बिरमा बचत संघ




६६औं राष्ट्रिय सहकारी दिवस २०७९ को अवसरमा आयोजित सहकारी प्रभातफेरी कार्यक्रम




सहकारी अभियानद्वारा शान्तिपूर्ण धर्ना कार्यक्रम, सहकारी विभाग वानेश्वर



जिल्ला प्रशासन कार्यालय ल.पु.को प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी प्राप्त गर्नुभएका श्री रुद्र प्रसाद पण्डितज्यूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै



ल.पु.म.न.पा. को प्रमुख प्रशासकीय अधिकृतको भूमिकाबाट श्री गणेश अर्यालज्यूलाई संघको तर्फबाट बिदाई गर्दै




संघको तालिम कक्षमा सहकारीमा बजेटिङ्ग विषयक तालिममा सहभागी प्रशिक्षार्थीहरु




वागमती प्रदेश सहकारी विकास वोर्डको वित्तीय सहयोगमा संचालित आधारभुत सहकारी लेखापालन तालिमको सामुहिक तस्बीर



ल.पु.म.न.पा. कार्यालयको आयोजना तथा बचत संघको संयोजनमा संचालक समिति क्षमता अभिवृद्धि तालिम



जिल्ला बचत संघको आवश्यकता र भूमिका विषयक गोष्ठी २०८०

## तस्बिरमा बचत संघ



वागमती प्रदेश अर्न्तगतका बचत संघहरूबाट रजिष्टारसँग समसामयिक विषयमा छलफल



काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, मकवानपुर, दोलखा र रामेछाप जिल्ला बचत संघका पदाधिकारीहरु बिच संघको कार्यालयमा सहकारी सम्बन्धि समसायमिक विषयमा छलफल गर्दै



संघ र सदस्य संस्थाहरु बिच सहकारी सम्बन्धि विभिन्न विषयमा अन्तरक्रिया कार्यक्रम



सहकारीमा कर्जा सम्बन्धि कानुनी समस्या समाधान विषयक तालिम



संघको पञ्चवर्षिय रणनीतिक व्यवसायिक योजना तर्जुमा गोष्ठी



सहकारी प्रशिक्षालय, भरतपुर चितवनको आयोजना तथा संघको संयोजनमा पर्ल्स अनुगमन प्रणाली विषयक तालिम



ल.पु.म.न.पा. को आयोजना तथा संघको संयोजनमा व्यवस्थापक क्षमता अभिवृद्धि विषयक तालिम



ल.पु.म.न.पा. को आयोजना तथा संघको संयोजनमा लेखासुपरीवेक्षण समिति क्षमता अभिवृद्धि विषयक तालिम

# कर्मचारी



**सन्तोष बजगाईं**
व्यवस्थापक



**भिम बहादुर खड्का**
सहायक व्यवस्थापक



**सुदेश घिमिरे**
लेखा तथा प्रशासन अधिकृत



**दिनेश घिमिरे**
बजार अधिकृत



**रमिता अवाले**
कर्जा अधिकृत



**सविना बजगाईं**
लेखापाल



**सुजाता शाक्य**
लेखापाल



**सविना दाहाल**
क्यासियर



**दिपा बजगाईं**
रिसेप्सनिष्ट



**निरोज घिमिरे**
बजार सहायक



**आतिश माली**
बजार सहायक



**सागर घिमिरे**
बजार सहायक



**लिला दिवाली**
कार्यालय सहयोगी



**ओमकार थापा**
सुरक्षा गार्ड

# संयुक्त राष्ट्र संघ
# दिगो विकास लक्ष्य

सन् २०१६–२०३०

१ गरिवीको अन्त्य

२ भोकमरीको अन्त्य

३ स्वास्थ्य र समुन्नत समाज

४ गुणस्तरीय शिक्षा

५ लैङ्गिक समानता

६ स्वच्छ पानी तथा सरसफाई

७ स्वच्छ ऊर्जामा सहज पहुँच

८ मर्यादित रोजगार तथा आर्थिक वृद्धि

९ उद्योग पूर्वाधार र नविन सिर्जना

१० असमानता न्यूनीकरण

११ दिगो शहर र समुदायहरू

१२ जिम्मेवारीपूर्ण उपभोग तथा उत्पादन

१३ जलवायु परिवर्तनमा तत्काल पहल

१४ जलमुनीको जैविक विविधताको संरक्षण

१५ जमिनमाथिको जैविक विविधताको संरक्षण

१६ शान्ति, न्याय र सशक्त निकाय

१७ लक्ष्य प्राप्तिको लागि साझेदारी